नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
Communist Party of Nepal (Maoist)
केन्द्रीय समिति
Central Committee

**नयाँ नेपाल निम्ति नयाँ विचार र नयाँ नेतृत्व**

# संविधानसभा निर्वाचनकालागि ने.क.पा.(माओवादी) को प्रतिवद्धता-पत्र

आदरणीय नेपाली दिदीवहिनी तथा दाज्यूभाइहरु,

झण्डै साठी वर्षदेखिको तपाई हाम्रो सपना पूरा हुँदैछ । हामीले नयाँ इतिहास निर्माण गर्दैछौं । हजारौं वर्षदेखिको पुरानो नेपाली इतिहासले कोल्टे फेर्दैछ । सामन्तवाद र राजतन्त्रको कालो युग समाप्त हुँदैछ । हामी पुँजिवादी लोकतन्त्र र गणतन्त्रको नयाँ युगमा प्रवेश गर्दैछौं । हामी छिट्टै यो युगीन परिवर्तनको लिखत तयार गर्ने संविधानसभाको निर्वाचनमा जाँदैछौं । नेपाली जनतामा निहीत सार्वभौम एवं राजकीय सत्ताको उच्चतम अभ्यास गर्दै नेपाली इतिहासमा पहिलो पटक हामी आफ्नो भाग्यरेखा आफैं कोर्न र आफ्नो संविधान आफैं लेख्न संविधानसभाको निर्वाचनको संघारमा छौं । यो महान् तथा ऐतिहासिक अवसरमा संविधानसभा र गणतन्त्रकोनिम्ति करिव ६ दशकदेखि संघर्ष गर्दै आइरहनुभएका तपाईहरु सवैलाई हामी हार्दिक अभिनन्दन गर्दछौं र वधाइ तथा धन्यवाद ज्ञापन गर्दछौं ।

सर्वप्रथम, यस पुनीत अवसरमा हामी सामन्तवाद, साम्राज्यवाद र राजतन्त्रका विरुद्ध लड्दालड्दै आफ्नो अमूल्य जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुको स्मरण गर्दै वहाँहरुप्रति उच्च सम्मान प्रकट गर्दछौं । यस सिलसिलामा हामी सामन्तवाद विरुद्ध पहिलो विद्रोहको झण्डा उठाउने लखन थापा मगर र साथीहरु, १९९७ सालका शहीद गंगालाल श्रेष्ठ र साथीहरु र २००७ सालका आन्दोलनका योद्धाहरुको सम्झना गर्दछौं । हामी भीमदत्त पन्त र सहयोद्धाहरुको सम्मान गर्दछौं र पंचायती निरंकुशकालका झापा आन्दोलनदेखि ऋषि देवकोटा आजाद हुँदै २०४६/४७ को आन्दोलनका शहीदहरुको स्मरण गर्दछौं । यस क्रममा शहादत र वलिदानको परम्परालाई नेपाली इतिहासको उत्कर्षमा पुऱ्याउने ने.क.पा.(माओवादी) को नेतृत्वमा संचालित महान् जनयुद्ध तयारी कालका रामवृक्ष यादव र जनयुद्धका प्रथम शहिद दिल बहादुर रम्तेल लगायतका दशौं हजार वीर शहीदहरु, हजारौ वेपत्ताहरु र घाइतेहरुको हामी विशेष सम्मान गर्दछौं । खाशगरी ऐतिहासिक जनयुद्ध र त्यसको जगमा सम्पन्न पछिल्लो जनआन्दोलनका महान् शहीदहरुको वलिदान विना अहिलेको राजनीतिक परिवर्तन सम्भव थिएन भन्ने तथ्यलाई हामी सम्झना गरिरहनेछौं र इतिहासले युगयुगसम्म स्मरण गरिरहनेछ ।

संविधानसभा निर्वाचन मार्फत् यो युगीन परिवर्तनलाई संस्थागत गर्ने ऐतिहासिक अवसरमा नयाँ नेपाल निर्माणको महाभियानमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को तर्फबाट हामी आफ्ना केही महत्वपूर्ण प्रतिवद्धताहरु सार्वजनिक गर्न चाहन्छौं । संविधानसभाको निम्ति अग्रणी भूमिका निर्वाह गरी सबभन्दा बढी वलिदान गरेको राजनीतिक शक्तिको नाताले संविधानसभा निर्वाचन मार्फत् नयाँ लोकतान्त्रिक र समुन्नत नेपाल निर्माण गर्ने कार्ययोजना प्रस्तुत गर्नु हामी आफ्नो थप दायित्व ठान्दछौं । नयाँ नेपालनिम्ति नयाँ विचार र नयाँ नेतृत्वको प्रस्ताव हामी हाम्रा आदरणीय मतदाता समक्ष प्रस्तुत गर्न चाहन्छौं ।

## I. लोकतान्त्रिक आन्दोलन र संविधानसभा : इतिहासले के भन्छ ?

सवभन्दा पहिले वर्तमानको यथार्थलाई बुझ्न र भविष्यको मार्गचित्र ठीकसंग कोर्न हामीले विगतको इतिहासलाई राम्ररी केलाउनैपर्छ ।

## १.०. पुरानो नेपालका दुइ ठूला पहाड : सामन्तवाद र साम्राज्यवाद

नयाँ नेपाल निर्माण गर्न हामीले पुरानो नेपालको सही चिरफार गर्नैपर्छ । आखिर हामी नेपाली विश्वका सवभन्दा गरीव, पछौटे, परनिर्भर किन र कसरी भयौं ? किन हाम्रा युवायुवतीहरु देशभित्र रोजगारी नपाएर लाखौंको संख्यामा विदेशतिर भौंतारिन वाध्य छन् ? किन अहिले पनि हाम्रो दुइ तिहाइ श्रमशक्ति कृषि क्षेत्रमा अल्झिएको छ र सयमा पचासी जना गाउँमा वस्छन् ? किन हाम्रो औसत आर्थिक वृद्धिदर जनसंख्या वृद्धिदर भन्दा माथि उठ्न सकिरहेको छैन ? किन हाम्रो टाउकोमाथि विदेशी ऋणको भार प्रति वर्ष थपिंदो छ तर हाम्रो गरीवी, वेरोजगारी, पछौटेपन, असमानता र परनिर्भरता जहाँको तहीं छ ?

के हाम्रो स्थिति सधैं यस्तै थियो ? के हामीलाई प्रकृतिले नै ठगेको हुनाले हाम्रो यस्तो वेहाल भएको हो ?

विल्कुल होइन । प्राकृतिक सम्पदाको हिसावले हामी विश्वका सवभन्दा धनी देश मध्येमा गनिन्छौं । जल, जमिन, जंगल, जडिवुटी र मुख्यतः जनशक्तिमा हामी असाध्यै धनी छौं । तिनको सही उपयोग हुनसक्ने हो भने हामीले छोटो अवधिमा नै चमत्कारिक विकास गर्न सक्दछौं । खाशगरी हाम्रो हिमाल, पहाड र तराईको अद्‌भूत भौगोलिक, जैविक र पर्यावरणीय विविधतालाई विकसित विज्ञान र प्रविधिको सही संयोजन मार्फत् एकीकृत विकास गर्ने हो भने हामी विश्वकै सम्पन्नतम देश वन्न सकछौं ।

त्यसरी नै इतिहासमा सधैं हाम्रो स्थान विकासको पुछारमा थिएन भन्ने कुरा नेपाल र समकालीन विश्वको तुलनात्मक अध्ययनवाट पुष्टी हुन्छ । दुइ अढाइ सय वर्ष पहिलेसम्म अर्थात् नेपालमा अंग्रेजसंग सुगौली-सन्धी भएको वेला र युरोपमा औद्योगिक क्रान्ति भएको वेलासम्म नेपाल र विश्वका अन्य देशको विकासको स्तर खाशै फरक थिएन । तर विगत दुइ सय वर्षमा त्यतिवेला झण्डै हाम्रै हाराहारीको अवस्थामा रहेका यूरोप, अमेरिका, रुस, जापान, चीन लगायतका देशहरु आज विकासको चुचुरोतिर लम्कदैछन् भने हामी मध्ययुगीन पछौटेपनमा नै थच्चिरहेका छौं ।

आखिर यस्तो किन र कसरी भयो ? स्पष्ट छ- आन्तरिक आर्थिक-सामाजिक व्यवस्था र राज्यप्रणाली तथा वैदेशिक सम्वन्धमा रहेको विसंगतिको कारणले नै यस्तो भएको हो । खाशगरी विगत दुइ अढाइ सय वर्ष देखि निरन्तर रुपमा नेपाली समाज समस्याका दुइ ठूला पहाडले थिचिएको हुनाले यो स्थिति उत्पन्न भएको हो । पहिलो पहाड आन्तरिक रुपमा राजतन्त्रको नेतृत्वमा खडा भएको आर्य-खस उच्च जातीय अहंकारवादमा आधारित एकात्मक राज्यसत्ता र सामन्तवादी उत्पादन प्रणाली हो । यसैको कारणले समाजमा यति विकराल वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, धार्मिक, सांस्कृतिक शोषण तथा उत्पीडनको जालो तयार भएको छ कि त्यसले समग्र सामाजिक अग्रगमनको वाटो छेकिरहेको छ ।

फलस्वरुप आज वहुसंख्यक श्रमजीवी किसान, मजदूर र वेरोजगार युवाहरु चरम गरीवी, भोक, रोग, अशिक्षा र चौतर्फी उत्पीडनवाट ग्रसित छन् । युगौंदेखि वसोवास गर्दै आइरहेका मधेसी, जनजाति र भाषिक समुदायहरु एकात्मक राज्यको चरम जातीय र भाषिक उत्पीडनमा छन् । आधा आकाश आधा धर्ती ओगट्ने महिलाहरु पितृसत्तात्मक शोषणको जाँतो मुनि पिसिंदै आएका छन् । पहाड र मधेसका दलितहरु मनुवादी छुवाछुत प्रथाबाट आक्रान्त छन् । मुख्यतः मधेस र देशैभर छरिएर रहेका मुस्लिमहरु हिन्दू धार्मिक अहंकारवादबाट पीडित छन् । कर्णाली, सेती-महाकाली र हिमाली भेगमा वसोवास गर्नेहरु चरम क्षेत्रीय उत्पीडनका शिकार वनेका छन् । गाउँमा वसोवास गर्ने वहुसंख्यक जनता विजुली, पानी, वाटोघाटो, शिक्षा, स्वास्थ्य जस्ता सवै आधुनिक सेवासुविधावाट वञ्चित भएर मध्ययुगीन अवस्थामा वाँच्न वाध्य छन् ।

नेपाल र नेपाली जनतालाई थिच्ने दोश्रो पहाड वैदेशिक साम्राज्यवादी शोषण-उत्पीडन हो । सुगौली-सन्धी देखि यता नेपाललाई अर्ध-औपनिवेसिक सांग्लोमा वाँधी राख्ने असमान सन्धी-सम्झौताहरु झन् झन् थपिंदै गैरहेका छन् । विस्तारवादका रुपमा व्यक्त हुने वैदेशिक हस्तक्षेप र उत्पीडनको यो प्रक्रियामा भारतीय एकाधिकार पुँजीवाद हाम्रा लागि प्रमुख वाधक र समस्या रहँदै आएको छ । एकातिर नेपालका प्राकृतिक साधनश्रोत र आर्थिक सम्पदामाथि विदेशीहरुको एकाधिकार कायम हुने कार्य भईरहेको छ भने अर्कोतिर नेपालीहरुको थाप्लोमा ऋणको भार थपिदैछ र वैदेशिक व्यापार घाटा चुलिंदै गैरहेछ । यो पराधीनता र परनिर्भरताको दुष्चक्रको परिणाम स्वरुप देशका उद्योगधन्दाहरु चौपट भएका छन् । देशभित्र उत्पादनशील रोजगारीको अभावमा वर्षेनी लाखौं युवाहरु विदेशिन वाध्य छन् । वौद्धिक पलायनको क्रम डरलाग्दोसंग वढ्दो छ । देशमा कमिशनतन्त्र र भ्रष्टाचारको जालो मौलाउँदै गएको छ । त्यसैको आडमा फस्टाएको सानो भुँइफुट्टा वर्ग अर्थात् दलाल तथा नोकरशाही पुँजिपतिवर्गले देशको शासनसत्ता र अर्थतन्त्रमाथि हालीमुहाली गर्दै गैरहेकोछ ।

सामन्तवाद र साम्राज्यवाद रुपी नेपालको अग्रगमनका अवरोधक यी दुइ ठूला पहाडलाई पन्छाएर सवै वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, धार्मिक, सांस्कृतिक उत्पीडनलाई अन्त्य गरी राज्यको जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा रुपान्तरण गर्नु लोकतान्त्रिक आन्दोलनको तत्कालीन प्रमुख कार्यभार हो । साथै राष्ट्रियता र गणतन्त्र नेपाली लोकतान्त्रिक आन्दोलनका दुइ अविभाज्य पहलु हुन् र यी दुइ मध्ये एकलाई उपेक्षा गरेर देशमा विद्यमान समस्याको दिगो समाधान सम्भव छैन भन्ने हाम्रो कटु यथार्थ हो ।

## २.०. लोकतान्त्रिक आन्दोलन : जनयुद्ध र जनआन्दोलनको संयोजन

राजतन्त्रात्मक सामन्ती निरंकुश राज्यसत्ताका विरुद्ध नेपाली जनताले विगत साठी वर्षदेखि निरन्तर संघर्ष गर्दै आइरहेका छन् । संघर्षको स्वरुप भने कहिले सशस्त्र र कहिले निशस्त्र रहँदै आएको छ । जनताको संघर्षको नेतृत्व कहिले संसदवादी सुधारवादी राजनीतिक शक्तिले, कहिले कम्युनिष्ट क्रान्तिकारी राजनीतिक शक्तिले र कहिले दुवैले संयुक्त रुपमा गर्दै आइरहेका छन् । समाजको वहुवर्गीय संरचना अनुरुप लोकतान्त्रिक आन्दोलनमा विभिन्न पेशागत, जातीय, भाषिक समूहहरु, जनवर्गीय संगठनहरु र नागरिक आन्दोलनकारीहरु समेतको महत्वपूर्ण योगदान हुने गरेको छ ।

सामन्ती निरंकुश राज्यसत्ताका विरुद्ध सवभन्दा पहिले २००७ सालमा पुँजिवादी संसदीय लोकतन्त्रको पक्षधर नेपाली कांग्रेसले हतियारवद्ध संघर्ष गरेको हो । परन्तु सो संघर्ष राज्य र समाजको अग्रगामी रुपान्तरण विना वीचैमा सामान्य राजनीतिक सुधार सहितको सम्झौतामा टुंग्याइएको र सेना तथा हतियारको व्यवस्थापन ठीकसंग नगरिएको हुनाले राजतन्त्रको नेतृत्वमा सामन्ती निरंकुशता नयाँ ढंगले जारी रह्यो ।

२०१७ साल पछिको तिस वर्षे पंचायती निरंकुश कालमा पनि नेपाली कांग्रेसले पटक पटक सशस्त्र संघर्षको अभ्यास गऱ्यो । परन्तु उसको अन्तरनिहित उदार सामन्ती र दलाल तथा नोकरशाही पुँजिवादी चरित्रका कारणले उसले कहिल्यै पनि सामन्ती राजतन्त्रसंग निर्णायक संघर्ष गर्न सकेन । आखिरमा २०३३ सालपछि उसले कथित "राष्ट्रिय मेलमिलाप" को नाउँमा राजतन्त्रसंग आत्मसमर्पण गर्ने घोषित नीति नै लियो ।

विभाजित विभिन्न कम्युनिष्ट घटकहरुले पंचायती कालभर सामन्तवाद र राजतन्त्रका विरुद्ध आआफ्नै ढंगले शान्तिपूर्ण र सशस्त्र संघर्षको प्रयत्न गरे । तीमध्ये हालको एमालेको पूर्व रुप तत्कालीन मा-ले समूहले झापामा चलाएको सशस्त्र संघर्ष प्रमुख रह्यो । तर सो समूहको नेतृत्वमा आएको वैचारिक विचलन स्वरुप आमूल परिवर्तनकारी एजेण्डा र सशस्त्र संघर्षको वाटो छोडी त्यो क्रमशः सुधारवादी संघर्षमा सीमित हुनपुग्यो । २०४६ सालपछि एमाले नामाकरण भएको त्यो समूह अन्ततः 'वहुदलीय जनवाद' नाउँको संसदीय पुँजिवादी कार्यक्रम अंगीकार गर्दै पुँजिवादी सुधारवादी कित्तामा उभिन पुग्यो ।

२०४६ सालको राजनीतिक परिवर्तन पछि पनि सामन्त, नोकरशाह र दलाल पूँजीपति वर्गको हित गर्ने राज्यको आधारभूत सामन्ती र निरंकुशतावादी चरित्रमा खासै परिवर्तन हुन सकेन । युगौंदेखिका वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र दलित उत्पीडनका समस्या ज्यूँकात्यूँ रहे । संसदीय निर्वाचनबाट सत्तामा पुगेका नेपाली कांग्रेस र एमालेले उही पुरानै संरचनालाई टालटुल र लिपपोत गर्दै निरन्तरता दिने र टिकाउने भगीरथ प्रयास गरे । तर सवै व्यर्थ भयो ।

२०४७ देखि पाँच वर्षसम्म सदन र सडकवाट शान्तिपूर्ण ढंगले समाज र राज्यको अग्रगामी रुपान्तरणनिम्ति उठाएका आवाजहरुको कुनै सुनुवाइ नभएपछि २०५२ फागुन १ गतेबाट ने.क.पा.(माओवादी) ले सशस्त्र जनयुद्धको थालनी गऱ्यो । राष्ट्रियता, जनतन्त्र र जनजीविकासंग सम्वन्धित ४०-सूत्रीय मागहरु नै जनयुद्धका राजनीतिक एजेण्डा थिए । वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र दलित प्रश्नलाई एकीकृत ढंगले जनचाहना अनुरुप उठाएको कारणले जनयुद्धले छोटो अवधिमा तीव्र विकास गऱ्यो । दश वर्षको अवधिमा दशौं हजारको वलिदान दिएर जनयुद्धले युगौंदेखि जरा गाडेको सामन्तवाद र राजतन्त्रको जरा जसरी देशका कुनाकाप्चावाट उखेल्यो त्यो नेपाली इतिहासको मात्र नभएर समकालीन विश्व इतिहासकै अनुपम घटना हो । त्यही पृष्ठभूमिमा राजतन्त्रवाट पुनः एकपटक पाखा लगाइएका कांग्रेस, एमाले लगायतका संसदवादी दलहरु र सशस्त्र जनयुद्ध लडिरहेको ने.क.पा.(माओवादी) वीच २०६२ मंसीर ७ गते ऐतिहासिक १२-वुँदे समझदारी भयो । सामन्ती राजतन्त्रका विरुद्ध शान्तिपूर्ण जनआन्दोलन र सशस्त्र जनयुद्धको संयोजन गर्ने त्यो समझदारीकै आडमा २०६२/६३ मा जुन अपूर्व आन्दोलन भयो त्यो अहिलेसम्मको लोकतान्त्रिक आन्दोलनको उत्कर्ष थियो । त्यसैको परिणाम स्वरुप लामो समयदेखि निरन्तर रहँदै आएको राजतन्त्रलाई वस्तुतः खारेज गरेर अन्तरिम संविधान र अन्तरिम सरकार निर्माण गर्दै अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नेपाली इतिहासको पहिलो संविधानसभाको निर्वाचनको संघारमा छौं । यो निश्चय नै साठी वर्षदेखिको नेपाली लोकतान्त्रिक आन्दोलनको भव्य सफलता हो र त्यसमा हामीले गर्व गर्नैपर्दछ ।

यसै क्रममा सशस्त्र जनयुद्ध र त्यस दौरानमा भएको दशौं हजारको वलिदानको औचित्यवारे प्रश्न उठ्न सक्छ । परन्तु अव ऐतिहासिक तथ्यहरुवाट पुष्टी भैसकेको छ, दश वर्षे महान् जनयुद्ध २००७ सालदेखि पटक पटक भएका सशस्त्र संघर्षहरुले पूरा गर्न नसकेको राजनीतिक कार्यभार पूरा गर्ने क्रान्तिकारी आन्दोलनको सर्वोच्च शिखर हो । माओवादी जनयुद्धको योगदान विना आजको राजनीतिक परिवर्तनको कल्पना कसैले गर्नै सक्दैन । आज देशमा जुन वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र दलित जागरण पैदा भएको छ र देशलाई संविधानतः संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएको छ त्यसको श्रेय मुख्यतः दश वर्षे जनयुद्धलाई नै जान्छ । जनयुद्धको क्रममा विकसित विसौं हजारको जनमुक्ति सेना नभएको भए आज राजतन्त्रले यति सजिलै घुँडा टेक्दथ्यो भन्ने कसैले कल्पनै गर्न सक्दैन । निश्चित रुपमा यो प्रक्रियामा अरु आन्दोलनकारी शक्तिहरुको पनि यथोचित् भूमिका रहेको छ । परन्तु त्यसको केन्द्रमा जनयुद्धको प्रमुख भूमिका रहेको तथ्यलाई सवैले सहज रुपमा स्वीकार्नैपर्दछ ।

जहाँसम्म वलिदानको प्रश्न छ, कुनै पनि युगान्तकारी क्रान्तिहरु महान् वलिदानको उर्जा विना सफल हुनै सक्दैनन् । वरु विश्व इतिहासले भन्छ जुन देश र जनताले क्रान्तिमा जति ठूलो वलिदानको कोटा चुक्ता गरेका छन् आज तिनै देश र जनता विकासको उति नै वढी उचाइमा छन् । अमेरिका, फ्रान्स, रुस, चीन लगायतका देशहरुको वर्तमान विगत त्यसका साक्षी छन् ।

परन्तु कुनै पनि महान् क्रान्ति नापेतौले ढंगले सम्पन्न हुँदैनन् । क्रान्तिको क्रममा कैयौं अनपेक्षित र अवाञ्छित वलिदान र क्षति हुने गर्दछन् । जसलाई चाहँदाचाहँदै पनि रोक्न सकिँदैन । हाम्रो महान् जनयुद्धको दौरानमा पनि चितवनको वाँदरमुढे घटना जस्ता केही दुःखद घटना हुन पुगेका छन् । अन्य कैयौं निर्दोष व्यक्ति र परिवारमा अनावश्यक दुःखकष्ट र क्षति हुन गएको छ । ती सबै कुराहरुका निम्ति पार्टीको तर्फबाट हामी पुनः हार्दिक क्षमायाचना गर्दछौं ।

फेरि पनि माओवादी जनयुद्ध कुनै 'अतिवादी' आन्दोलन नभएर नेपाली इतिहासको अपरिहार्य वस्तुगत आवश्यकता थियो भनेर सवैले वुझ्नु जरुरी छ । त्यही जनयुद्धका उपलव्धिहरुको रक्षा गर्दै अहिले हामी भिन्न ढंगले क्रान्तिकारी परिवर्तनलाई संस्थागत गर्ने क्रममा छौं । आसन्न संविधानसभा निर्वाचन त्यसैको एउटा कडी हो ।

## ३.०. संविधानसभा : कसको भूमिका के ?

संविधानसभाको निर्वाचन भनेको प्रत्येक पाँच वर्षमा भैरहने सामान्य संसदीय निर्वाचन होइन । यो त एक युगमा एकचोटि आउने विशिष्ठ परिघटना हो । किनकि संविधानसभा भनेको सवै उमेर पुगेका नागरिकहरुले वरावरी मतको आधारमा स्वतन्त्र र निष्पक्ष ढंगले आफ्ना प्रतिनिधिहरु चुनेर उनीहरुद्वारा आफुमा निहित सार्वभौम तथा राजकीय सत्ताको प्रयोग गर्दै देशको मूल कानून अर्थात् संविधान वनाउने माध्यम हो । त्यस्तो संविधानसभाको निर्वाचन कुनै देशको इतिहासमा सयौं वर्षमा एक पटक हुने गर्दछ । विश्व इतिहासलाई दृष्टिगत गर्दा खाशगरी कुनै देशमा सामन्तवाद र राजतन्त्र वा विदेशी उपनिवेशको अन्त्य भएर पुँजिवादी लोकतन्त्र संस्थागत गर्ने क्रममा संविधानसभाको निर्वाचन हुने गर्दछ । त्यसैले संविधानसभालाई पुँजिवादी लोकतन्त्रको 'सर्वोच्च रुप' पनि भन्ने गरिन्छ । नेपालमा पनि संविधानसभाको निर्वाचनको प्रसंग सामन्तवाद र राजतन्त्रलाई अन्त्य गरी पुँजिवादी लोकतन्त्रलाई पूर्णता दिने विधिको रुपमा २००७ सालदेखि उठ्दै आइरहेको छ । परन्तु एकातिर सामन्ती राजतन्त्रवादी शक्तिको तीव्र विरोध र षड्यन्त्र र अर्कोतिर पुँजिवादी संसदवादी शक्तिको ढुलमुले र आत्मसमर्पणवादी नीतिका कारणले संविधानसभा निर्वाचन पटकपटक टर्दै र सर्दै आएको छ । खालि कम्युनिष्ट क्रान्तिकारीहरुले मात्रै संविधानसभाको प्रश्नलाई निरन्तर रुपले गम्भीरतापूर्वक उठाउँदै आइरहेका छन् । किनकि पुँजिवादी जनवादी क्रान्ति पूरा गरेर समाजवादनिम्ति वस्तुगत आधार तयार गर्न यसले प्रगतिशील भूमिका खेल्छ भन्ने उनीहरुको सिद्धान्तनिष्ठ विश्वास छ । आसन्न संविधानसभा निर्वाचनको सन्दर्भमा आम जनसमुदायले यो ऐतिहासिक तथ्यलाई राम्ररी मनन् गर्नै पर्दछ । को संविधानसभा विरोधी हो र को साँच्चै संविधानसभा पक्षधर हो त्यसको छिनोफानो हुनैपर्दछ ।

## ३.१. सामन्ती राजतन्त्र : निरन्तर प्रतिगामी षड्यन्त्र

जनताको सार्वभौमसत्ता स्थापित गर्ने विधि र संयन्त्रको रुपमा संविधानसभा भनेको सामन्तवाद र राजतन्त्रको निषेधार्थी अवधारणा र संस्था हो । त्यसैले विश्व इतिहासमा सामन्तवादी राजतन्त्रले संविधानसभाको विरोध गर्नु र त्यसका विरुद्ध षड्यन्त्र गर्नु स्वाभाविक कुरा हो । नेपालको इतिहास त्यसको अपवाद छैन र त्यसलाई अन्यथा ठान्नु हुँदैन ।

२००७ सालमा वाध्य भएर राजा त्रिभुवन आफैंले संविधानसभाको निर्वाचन गराउने घोषणा गरेका हुन् । तर आफ्नो स्थिति अनुकुल हुँदै गए पछि उनले विभिन्न वहानामा सो निर्वाचन टार्दै गए । अन्ततः २०१४ सालमा पुगेर राजा महेन्द्रले संविधानसभाको सट्टा आफैंले दिएको संविधान अन्तर्गत २०१५ सालमा संसदको निर्वाचन गर्ने घोषणा गरे । २०१७ सालमा सेनाको वलमा त्यही संसद पनि विघटन गरेर निरंकुश पंचायती शासन थोपरिए पछि राजा र राजतन्त्रवादीहरुले फेरि कहिल्यै संविधानसभाको निर्वाचन गराउने कुरा गरेनन् ।

२०४६ सालको जनआन्दोलनले पंचायती तानाशाहीको अन्त्य गरेपछि पुनः २०१५ सालको गल्ती दोहोऱ्याउँदै देशको सार्वभौमसत्ता र राजकीय सत्ता राजामा रहने गरी राजा वीरेन्द्रद्वारा २०४७ सालको संसदीय संविधान जारी गरियो । त्यो संविधानलाई पनि राजा ज्ञानेन्द्रले पहिले २०५९ असोज १८ गते र पछि २०६१ माघ १९ गते खुल्लमखुल्ला वलात्कार गरे ।

दश वर्षे जनयुद्धको जगमा सम्पन्न २०६२/०६३ को जनआन्दोलन पछि नेपाली इतिहासमा पहिलो पटक नेपाली जनता आफैंले सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्दै अन्तरिम संविधान, २०६३ जारी गरियो । ने.क.पा.(माओवादी) र सात संसदवादी दलको सरकार वीच सम्पन्न वृहद् शान्ति सम्झौता अन्तर्गत जारी गरिएको यो संविधानले राजतन्त्रलाई वस्तुतः निलम्वन गऱ्यो र राजतन्त्रवारे फैसला २०६४ जेठमा हुने संविधानसभाको पहिलो वैठकवाट साधारण वहुमतले हुने घोषणा भयो । परन्तु राजा र राजावादीहरुको षड्यन्त्र र संसदवादी शक्तिहरुको अकर्मण्यता समेतका कारणले सो मितिमा संविधानसभाको निर्वाचन भएन । त्यस पछि ने.क.पा.(माओवादी) ले आफ्नो पहिलेदेखिको अडानमा जोड दिंदै पहिले राजतन्त्र खारेज गरेर गणतन्त्र घोषणा गरिए पछि मात्रै सार्थक संविधानसभा निर्वाचन सम्भव हुने कुरा अघि साऱ्यो र २०६४ असोज १ गतेवाट अन्तरिम सरकार छोडेर २२-सूत्रीय माग राखी तिनलाई पूरा गराउन आन्दोलनमा उत्रियो । त्यसैको परिणाम स्वरुप पौष १३

गते भएको अन्तरिम संविधानको तेश्रो संशोधनले नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गरी त्यसको कार्यान्वयन व्यवहारतः संविधानसभाको पहिलो वैठकवाट हुने तय भयो ।

यसरी देशमा संविधानतः गणतन्त्र घोषणा भएर पनि त्यसको कार्यान्वयन हुन बाँकी रहेको विशिष्ठ अवस्था विद्यमान छ । यो स्थितिमा गणतन्त्रको निर्णय कार्यान्वयन गर्ने संविधानसभाको निर्वाचन हुन नदिन राजा र राजावादी शक्तिहरुवाट अहिले पनि विभिन्न षड्यन्त्र भैरहेको र भविष्यमा पनि हुने कुरा स्वतः स्पष्ट छ । त्यसको विरुद्ध उच्च सतर्कता अपनाउँदै र हिजो राजतन्त्रको भ्रम र प्रभावमा रहेका शक्तिहरुलाई नयाँ गणतान्त्रिक धारमा संलग्न हुन अभिप्रेरित गर्दै छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन सम्पन्न गराउनु नै आज हामी सवैको प्रमुख कार्यभार हो र यो नै देश र जनताको हितमा हुने स्पष्ट छ । सैन्य वलको भरमा वा अन्य तरिकाद्वारा राजावादी शक्तिहरुले संविधानसभा निर्वाचन हुन नदिने वा भाँड्ने प्रयत्न गरेमा त्यसको सशक्त प्रतिकार गर्ने तयारी पनि आजैदेखि हामी सवैले गर्नु जरुरी छ ।

## ३.२. संसदवादी शक्ति : ढुलमुलपन र आत्मसमर्पणवादको प्रतिमूर्ति

संविधानसभाको नारा मूलतः पुँजिवादी नारा भए पनि नेपालका संसदवादी दलहरुको अन्तरनिहित दलाल तथा नोकरशाही पुँजिवादी चरित्रको कारणले उनीहरु कहिल्यै पनि संविधानसभाको पक्षमा दह्रोसंग उभिन सकेका छैनन् । दलाल तथा नोकरशाही पुँजिवादको चरित्र आन्तरिक रुपमा सामन्तवाद वा राजतन्त्रसंग र वाह्य रुपमा साम्राज्यवादसंग घुँडा टेक्ने हुन्छ । परन्तु क्रान्तिकारी आन्दोलनको चाप वढेको वेला वा राजतन्त्रले लात हानेको वेला उनीहरु संविधानसभा र गणतन्त्रको पक्षमा उभिन पनि पुग्दछन् । यो ढुलमुले र आत्मसमर्पणवादी चरित्र नेपालका संसदवादी दलहरु र मुख्यतः नेपाली कांग्रेस र एमालेमा राम्ररी देख्न सकिन्छ ।

२००७ सालको आन्दोलनताका नेपाली कांग्रेसले संविधानसभाको कुरा गरे पनि पछि राजा त्रिभुवनले त्यसवारे आलटाल गर्दै जाँदा उसले त्यसका विरुद्ध न त दह्रो अडान लिन सक्यो न त प्रभावकारी आन्दोलन नै गऱ्यो । फलतः २०१४ सालमा राजा महेन्द्रले संविधानसभा सट्टा संसदको निर्वाचन गर्ने घोषणा गरेपछि नेपाली कांग्रेसले संविधानसभाको माग छोडेर राजाले दिएको संविधान र त्यस वमोजिमको संसदीय निर्वाचनलाई शीरोधार्य गर्दै संसदीय निर्वाचनमा भाग लिन पुग्यो । त्यसको तितो फल उसले २०१७ को शाही 'कू' पछि पायो, तर त्यसपछि पनि उसले पटक्कै चेतेन ।

नेपाली कांग्रेस २०४६ को आन्दोलन पछि संविधानसभा सट्टा संविधान सुझाव आयोगको पक्षमा उभियो र त्यस्तो राजाका प्रतिनिधि समेतको आयोगले वनाएको २०४७ को संविधानलाई 'विश्वकै उत्कृष्ट संविधान' भनेर डंका वजाउँदै रह्यो । २०५८ सालमा सम्पन्न पहिलो शान्ति वार्ता कालमा ने.क.पा.(माओवादी) ले राखेको संविधानसभा निर्वाचनको प्रस्तावलाई तत्कालीन नेपाली कांग्रेसको सरकारले अस्वीकार गरेकाले नै वार्ता भंग भएको थियो । २०६१ माघ १९ को शाही कदम पश्चात् राजाले ठूलो लात हाने पछि मात्रै २०६२ वैशाखमा पहिलो पटक नेपाली कांग्रेस सहित सवै प्रमुख संसदवादी दलहरुले संविधानसभा निर्वाचनमा जाने निर्णय गरेका हुन् । परिस्थितिको वाध्यताले मात्रै अहिले नेपाली कांग्रेस संविधानसभाको पक्षमा देखिए पनि भविष्यमा उसको त्यसप्रतिको प्रतिवद्धताको अझै पनि कुनै ग्यारेन्टी छैन भन्ने हामी सवैले मनन गर्नै पर्दछ ।

एमालेको वर्तमान अवतारमा जन्म भएदेखि नै उसको संविधानसभा सम्वन्धी दृष्टिकोण कांग्रेसको जस्तै ढुलमुल र अस्पष्ट रहँदै आएको छ । २०४७ को संविधानको 'कमा र फूलस्टप' पनि परिवर्तन गर्नु हुन्न भन्ने झ्याली पिट्दै हिंड्ने र २०६० सालमा प्रतिगमन आधा सच्चियो भनेर शाही सरकारमा सामेल हुने एमाले अन्ततः २०६१ माघ १९ मा राजाको लात खाए पछि मात्रै संविधानसभा निर्वाचनको पक्षमा उभिएको हो । महत्वपूर्ण राजनीतिक मुद्दाहरुमा सधैं अस्पष्ट र ढुलमुल रहने र जता हावा चल्छ उतै वग्ने एमाले नेतृत्वको चरम अवसरवादी र अविश्वसनीय चरित्रप्रति सवै सर्तक रहनैपर्दछ ।

तैपनि कांग्रेस, एमाले लगायतका दलहरुभित्र संविधानसभा र गणतन्त्रलाई आत्मसात गर्ने कतिपय मान्छेहरु छन् , उनीहरुसंग एकतावद्ध हुन हामीले विशेष जोड लगाउनैपर्छ ।

## ३.३. माओवादी क्रान्तिकारी : स्पष्टता र दृढताको चिनारी

नेपालजस्तो अर्ध-सामन्ती तथा अर्ध-औपनिवेसिक देशमा पहिले सामन्तवाद र राजतन्त्रका सवै रुपहरुको अन्त्य गरेर पुँजिवादी जनवादी क्रान्ति पूरा गरेपछि मात्रै समाजवादको आधार तयार गर्न सकिन्छ भन्ने क्रान्तिकारी कम्युनिष्टहरुको शुरुदेखिकै दृढ अडान र मान्यता रहँदै आएको छ । त्यसै मान्यता अनुरुप क्रान्तिकारी कम्युनिष्टहरुको मूलधार ने.क.पा.(माओवादी) ले संविधानसभालाई पुँजिवादी लोकतन्त्रको उच्चतम रुप मान्दै त्यसप्रति आफ्नो दृढ प्रतिवद्धता व्यक्त गर्दै आएको छ ।

२०१४ सालमा राजा महेन्द्रले संविधानसभा निर्वाचनको प्रश्नलाई इतिहासको वन्द कोठामा थुनिदिए पछि विभाजित कम्युनिष्ट पार्टीका विभिन्न घटकहरुले आक्कलझुक्कल संविधानसभाको कुरा नउठाएका होइनन् । तर त्यो इतिहासको गर्भमा थच्चिएर वसेको संविधानसभाको राजनीतिक मुद्दालाई जीवन्त पार्दै राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित गर्ने काम ने.क.पा.(माओवादी) र उसको नेतृत्वमा संचालित जनयुद्धले नै गरेको जगजाहेर छ । जनयुद्धको पूर्व सन्ध्यामा प्रस्तुत ४०-सूत्रीय मागमा

'चुनिएका जनताका प्रतिनिधिहरुद्धारा नयाँ संविधान निर्माण गरिनुपर्छ' भन्ने कुरालाई प्राथमिकताका साथ उठाइएको कुराले त्यसको थप पुष्टी गर्दछ ।

जनयुद्धको विकास संगसंगै संविधानसभाको नारालाई व्यवस्थित ढंगले उठाउने र अभै सम्वृद्ध पार्ने काम भयो । सर्वप्रथम २०५७ सालमा सम्पन्न पार्टीको दोश्रो राष्ट्रिय सम्मेलनले पार्टीको तत्कालीन कार्यनीतिलाई 'गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन' को रुपमा सूत्रवद्ध गऱ्यो । त्यसैको आधारमा २०५८ सालको पहिलो शान्तिवार्तामा संविधानसभाको निर्वाचनको मागलाई केन्द्रीय राजनीतिक मागका रुपमा प्रस्तुत गरियो । परन्तु सो माग तत्कालीन नेपाली कांग्रेसको सरकारले इन्कार गरेकाले शान्तिवार्ता भंग भयो र पहिलो चोटि शाही सेनासंग जनमुक्ति सेनाको सशस्त्र भीडन्त शुरु भयो । फलस्वरुप त्यतिवेलासम्म जनयुद्धको क्रममा एक डेढ हजार मानिसको मात्र वलिदान भएकोमा त्यसपछि थप दशौं हजारको वलिदान भयो ।

२०६० सालमा सम्पन्न दोश्रो शान्तिवार्ता पनि संविधानसभाको निर्वाचनलाई तत्कालीन सरकारले स्वीकार नगरेकाले भंग भएको थियो । २०६३ सालमा भएको तेश्रो शान्ति वार्तामा मात्र मुख्यत: संविधानसभा निर्वाचन वारे सहमति भएकाले वृहद् शान्ति सम्झौता सम्पन्न भई नेपाली राजनीति यहाँसम्म आइपुगेको हो । यो ऐतिहासिक तथ्यलाई कसैले पनि विर्सन वा अवमूल्यन गर्न मिल्दैन ।

यसरी संविधानसभाको राजनीतिक मागकालागि दशौं हजार होनहार योद्धाहरुको वलिदान गरेको राजनीतिक पार्टीका नाताले संविधानसभा निर्वाचनप्रति ने.क.पा.(माओवादी) को सवभन्दा वढी प्रतिवद्धता र जिम्मेवारी रहेको कुरामा कुनै शंका रहन्न । जसरी वच्चा जन्माउने आमालाई नै वच्चाको सवभन्दा वढी माया हुन्छ र आमाले नै वच्चालाई सवभन्दा राम्ररी हुर्काउन सक्छिन्, त्यसरी नै माओवादीलाई संविधानसभाको सवभन्दा वढी माया छ र उसले मात्रै यसलाई ठीक ढंगले लालनपालन गर्न सक्छ भन्ने सवैले वुझ्नु आवश्यक छ ।

संविधानसभाको प्रश्नलाई ने.क.पा.(माओवादी) ले पुरानो शास्त्रीय अर्थमा मात्र नभएर नयाँ विकसित विचारश्रृंखला 'प्रचण्डपथ' ले अघि सारेको जनवादको विकासको नवीन अर्थमा पनि महत्व दिएर उठाएको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । २०६० सालमा अध्यक्ष क. प्रचण्डवाट प्रस्तुत र पार्टीद्वारा पारित 'एक्काइसौं शताव्दीमा जनवादको विकास' सम्वन्धी प्रस्तावले अहिले पुँजिवादी क्रान्तिको चरणमा मात्र होइन भोलिको समाजवादी व्यवस्थामा पनि वहुदलीय प्रतिस्र्धात्मक राजनीतिलाई स्वीकार गर्दछ । त्यस हिसावले वहुदलीय प्रतिस्पर्धात्मक ढंगले चुनिएका जनताका प्रतिनिधिहरुवाट संविधान निर्माण गर्ने विधि वा संविधानसभाको विधि हाम्रो विकसित विचार श्रृंखलासंग पनि पूरै मेल खान्छ । यसरी संविधानसभाप्रति हाम्रो सैद्धान्तिक र व्यवहारिक प्रतिवद्धतावारे प्रश्न उठाउनु व्यर्थ छ । त्यसमाथि फेरि पनि संविधानसभा आफैमा साध्य नभएर लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने वा राज्यको अग्रगामी पुनर्संरचना गर्ने सर्वोत्तम विधि वा साधन मात्र हो । यसलाई सामान्य संसदीय निर्वाचनको स्तरमा गिराएर यसको महत्व र भूमिकालाई कमजोर पार्ने र औपचारिकतामा मात्र सीमित राख्ने यथास्थितिवादी संसदवादी शक्तिहरुको खेलप्रति एकातिर सतर्क रहनु आवश्यक छ भने अर्कोतिर संविधानसभा निर्वाचन नै हुन नदिने प्रतिगामी राजावादी शक्तिहरुको षड्यन्त्रलाई सम्पूर्ण शक्तिकासाथ परास्त गर्न अघि सर्नु पनि आवश्यक छ ।

## II. नयाँ संविधानको अन्तरवस्तु : स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्र

नेपाली इतिहासमा जनताका चुनिएका प्रतिनिधिहरु वा संविधानसभा मार्फत् निर्माण हुने नयाँ संविधानको मुख्य आधार र अन्तरवस्तु के हुनु पर्ला ? ने.क.पा.(माओवादी) को दृढ विश्वास छ कि त्यसको मुख्य आधार भनेको दश वर्षे जनयुद्ध र उन्नाइस दिने जनआन्दोलनको जनादेश नै हो । अर्थात् जनयुद्ध र जनआन्दोलनका दशौं हजार शहीदहरु, हजारौं वेपत्ताहरु र हजारौं अंगभंग भएका घाइतेहरुको सपना नै नयाँ संविधानको अन्तरवस्तु हो । जनयुद्ध र जनआन्दोलनको क्रममा लाखौंको संख्यामा सशस्त्र र निशस्त्र संघर्षमा उत्रेका जनताले वैदेशिक प्रतिक्रियावादी शक्तिहरुको आडमा सामन्तवाद, राजतन्त्र र एकात्मक राज्यसत्ताद्वारा हुँदै आएको वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, सांस्कृतिक, धार्मिक, सामाजिक उत्पीडनवाट मुक्ति चाहेका थिए र त्यसको निम्ति राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा अग्रगामी रुपान्तरण चाहेका थिए । साथै ठूलो संख्यामा संगठित विद्रोहमा उत्रेका गरीव किसान, मजदूर, दलित, महिला, मधेसी, जनजाति लगायतका उत्पीडित समुदायले भावी गणतन्त्र मुट्ठीभर हुनेखाने वर्गको मात्र हित गर्ने व्यवस्था नभएर वहुसंख्यक श्रमजीवी जनताको समेत हित गर्ने जनमुखी गणतन्त्र होस् भन्ने चाहेका थिए । त्यस अतिरिक्त युगौंदेखिको वाह्य अर्ध-औपनिवेसिक उत्पीडनवाट आक्रान्त देशभक्त जनताले भोलिको गणतन्त्र पराधीन र पराश्रित गणतन्त्र नभएर स्वाधीन गणतन्त्र होस् भन्ने चाहेका थिए । यसरी स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दै समुन्नत नयाँ नेपालको निर्माण गर्नु दश वर्षे जनयुद्ध र उन्नाइस दिने जनआन्दोलनको जनादेश थियो ।

यही तथ्यलाई आत्मसात गर्दै ने.क.पा.(माओवादी) निर्वाचित संविधानसभा मार्फत् निम्न मुख्य अन्तरवस्तु सहितको स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नयाँ संविधान निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्दछ :

**१. राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डता** : सवैखाले अर्ध-औपनिवेसिक र असमान सम्वन्धहरुको अन्त्य गर्दै नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र भौगोलिक अखण्डताको पूर्ण रक्षा गरिनेछ र त्यसलाई अरु सुदृढ गरिनेछ ।

**२. संघीय राज्यप्रणाली** : नेपाल एक वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक र भौगोलिक विविधतायुक्त मुलुक हो । त्यसैले जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनको आधारमा नेपालको ठोस विशिष्ठताहरुमाथि समेत ध्यान दिंदै राज्यको वर्तमान एकात्मक स्वरुपको अन्त्य गरी संघात्मक ढाँचामा राज्यको पुनर्संरचना गरिनेछ र देशको सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता र भौगोलिक अखण्डतालाई नयाँ आधारमा थप मजवुत गरिनेछ ।

**३. गणतन्त्रात्मक शासनव्यवस्था** : देशमा सामन्तवादका सवै रुपहरु र राजतन्त्रको पूर्ण उन्मूलन गरी गणतन्त्रात्मक शासन व्यवस्था कायम गरिनेछ । अन्तरिम संविधान, २०६३, को तेश्रो संशोधनले व्यवस्था गरे वमोजिम संविधानसभाको पहिलो वैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गरिनेछ । प्रत्यक्ष निर्वाचन प्रणालीवाट निर्वाचित राष्ट्रपति र व्यवस्थापिका सदस्यहरुबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिनेछ । राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुइ पूर्ण अवधिकोनिम्ति भन्दा वढी हुनेछैन ।

**४. जनमुखी लोकतान्त्रिक पद्धति** : सार्वभौमसत्ता र राजकीय सत्ता पूर्ण रुपले जनतामा निहित रहनेछ, जुन उनीहरुले आफ्ना चुनिएका प्रतिनिधिहरु मार्फत् प्रयोग गर्नेछन् । संविधानको सर्वोच्चता, विधिको शासन, वहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार, स्वतन्त्र एवं निष्पक्ष आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता आदि गुणहरु युक्त पूर्ण लोकतान्त्रिक पद्धति अनुसरण गरिनेछ । लोकतन्त्रलाई औपचारिकतामा मात्र सीमित राख्ने विद्यमान परिपाटीलाई अन्त्य गरी त्यसलाई समाजका वहुसंख्यक श्रमिक र विपन्न वर्गहरु र उत्पीडित जाति, क्षेत्र, महिला, दलित लगायतमा समेत लोकतन्त्रको प्रत्याभूति गराउन आवश्यक संवैधानिक व्यवस्था गरिनेछ र लोकतन्त्रलाई वास्तविकतामा रुपान्तरण गरिनेछ । राज्य र राज्यका निकायहरुमाथि नागरिकहरुको निरन्तर निगरानी सुनिश्चित गर्न स्वतन्त्र प्रेस र नागरिक समाजलाई प्रोत्साहित गरिनेछ ।

**५. मानव अधिकार** : अन्तर्राष्ट्रिय रुपमा स्थापित मापदण्ड अनुरुप मानव अधिकारको सुनिश्चितता गरिनेछ ।

**६. नागरिक स्वतन्त्रता र मौलिक हक** : प्रत्येक नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा संघ संस्था खोल्ने स्वतन्त्रता, कुनै पेशा वा व्यवसाय गर्ने स्वतन्त्रता, कतै आवजावत वा वसोवास गर्ने स्वतन्त्रता आदिको पूर्ण प्रत्याभूति गरिनेछ ।

**७. मौलिक हक :** सवैलाई समानताको हक, शोषण विरुद्धको हक, गोपनियताको हक, सामाजिक तथा जातीय भेदभाव विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्वन्धी हक, सम्पत्तिको हक आदि मौलिक हकहरुको ग्यारेन्टी गरिनेछ ।

- शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतामा सवै नागरिकको मौलिक हक स्थापित गरिनेछ ।
- भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहनेछ ।
- श्रमिक र मजदूर वर्गलाई कुनै पनि प्रकारको विभेद र उत्पीडनका विरुद्ध माग राख्ने, सामुहिक सौदावाजी गर्ने, हड्ताल गर्ने हक रहनेछ ।
- महिलाहरुलाई पैतृक सम्पत्ति लगायत सवै क्षेत्रमा पुरुष सरह समान अधिकार हुनेछ । प्रजनन र सम्वन्ध विच्छेदको अधिकार महिलामा निहित रहनेछ ।
- सवै वालवालिकाहरुलाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ ।
- युवाहरुलाई आफ्नो शारीरिक, मानसिक र समग्र व्यक्तित्व विकासकोनिम्ति राज्यवाट सहयोग र संरक्षण प्राप्त गर्ने हक हुनेछ ।
- सवै प्रकारका अपांगहरुलाई पहिचान, सम्मान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ ।
- वृद्धवृद्धा र असहाय नागरिकहरुलाई राज्यवाट हेरचाह र संरक्षण प्राप्त गर्ने हक हुनेछ ।
- लोपोन्मुख र सीमान्तकृत जाति र समुदायलाई आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने र राज्यवाट आवश्यक सहयोग प्राप्त गर्ने हक हुनेछ ।
- दुर्गम, पिछडिएका र उत्पीडित क्षेत्रका जनतालाई विकासको समान अवसर, राज्यका अंगमा समानुपातिक सहभागिता र सम्मान प्राप्त गर्ने हक हुनेछ ।
- दलितहरुलाई छुवाछुत तथा सामाजिक भेदभाव विरुद्धको हक हुनेछ ।
- नागरिकहरुको मौलिक अधिकारलाई अझ व्यापक एवं सम्वृद्ध पार्न सहभागिताको हक, आत्मनिर्णयको हक, जीवन तथा आत्म-रक्षाको हक, मानवीय सम्मानको हक, परिवारको हक, सामाजिक सुरक्षाको हक, मनोरञ्जन तथा विश्रामको हक, स्थानीय स्वशासनको हक, प्रत्याव्हान सम्वन्धी हक, न्यायलय पहुँचको हक, थुनुवा तथा दोषी करार व्यक्तिको हक, समानुपातिक प्रतिनिधित्वको हक, तेश्रो लिंगीहरुको हक जस्ता विविध हकहरुको व्यवस्था गरिनेछ ।

**८. धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता :** राज्य पूर्ण रुपले धर्म निरपेक्ष रहनेछ । सवै नागरिकलाई आफ्नो आस्था अनुसार धर्म मान्ने वा नमान्ने स्वतन्त्रता रहनेछ । कसै माथि पनि धार्मिक आस्थाको आधारमा भेदभाव गरिनेछैन ।

**९. नागरिकता** : संघात्मक प्रणाली लागू भए पछि पनि देशभर साझा नागरिकताको नीति अवलम्वन गरिनेछ । सवै नेपाली नागरिकलाई विना भेदभाव र सहज ढंगले नागरिकता प्राप्त गर्ने अधिकार हुनेछ । गैर-नेपाली नागरिकले झुक्याई वा जालसाजी गरी प्राप्त गरेको नेपाली नागरिकता आवश्यक छानवीन गरी खारेज गरिनेछ ।

**१०. भाषा** : नेपाल वहुभाषिक मुलुक भएकाले यहाँका सवै भाषाहरुलाई राष्ट्रिय भाषाको रुपमा स्थापित गरिनेछ । संघीय संरचनाभित्र कुन राज्यमा कुन कामकाजको भाषा र कुन सम्पर्क भाषा हुने भन्ने निर्णय गर्ने अधिकार सम्वन्धित राज्यको व्यवस्थापिकालाई रहनेछ ।

**११. समानुपातिक प्रतिनिधित्व र विशेष अधिकार** : समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र अन्य विभेद र असमानताको अन्त्य गर्न र लोकतन्त्रलाई अझ वढी जनमुखी र प्रभावकारी वनाउन राज्यका सवै अंग र जनप्रतिनिधि संस्थाहरुमा महिला, दलित, उत्पीडित जाति/जनजाति, उत्पीडित क्षेत्र/दुर्गम क्षेत्र, मधेस, अल्पसंख्यक समुदाय (मुस्लिम लगायत) आदिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ । सवभन्दा तीव्र उत्पीडनमा परेका महिला, दलित र मुस्लिम समुदायलाई ऐतिहासिक उत्पीडनको क्षतिपूर्ति स्वरुप निश्चित अवधिसम्म थप विशेष अधिकारको व्यवस्था गरिनेछ ।

**१२. सुरक्षा क्षेत्रको पुनर्संरचना** : हाल देशमा विधिवत् विद्यमान दुइवटा सशस्त्र सेना, नेपाली सेना र जनमुक्ति सेना, मध्ये नेपाली सेनाको समग्र लोकतान्त्रीकरण र जनमुक्ति सेनाको व्यवसायीकरण गरेर दुवैको उचित ढंगले समायोजन गरिनेछ र नयाँ राष्ट्रिय सेना निर्माण गरिनेछ । नयाँ लोकतान्त्रिक परिपाटी अनुरुप र राज्यको संघात्मक ढाँचामा पुनर्संरचनामा मेल खाने गरी सेना, प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभाग समेत समग्र सुरक्षा क्षेत्रको पुनर्संरचना गरिनेछ ।

**१३. न्याय प्रणालीको पुनर्संरचना** : स्वतन्त्र न्यायपालिका सम्वन्धी अवधारणाप्रति पूर्ण प्रतिवद्ध रहँदै न्याय प्रणालीलाई नयाँ लोकतान्त्रिक मूल्यमान्यता अनुरुप जनउत्तरदायी वनाइनेछ । राज्यको संघात्मक पुनर्संरचना अनुरुप केन्द्रमा सर्वोच्च अदालत र संघीय राज्यहरुमा उच्च अदालत र जिल्ला अदालत रहने गरी न्याय प्रणालीको पुनर्संरचना गरिनेछ ।

**१४. संवैधानिक निकायहरुको पुनर्संरचना** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक, राष्ट्रिय मानव अधिकार आयोग आदि संवैधानिक निकायहरुलाई स्वतन्त्र, सवल र प्रभावकारी वनाउने ढंगले आवश्यक पुनर्संरचना गरिनेछ । विशेषतः राज्यका अंगहरुमा व्याप्त भ्रष्टाचारको क्यान्सरवाट देश र समाजलाई मुक्त गरिनेछ र यसका लागि वढी प्रभावकारी वैकल्पिक निकायको व्यवस्था गरिनेछ ।

**१५. प्रशासनयन्त्रको पुनर्संरचना** : नयाँ लोकतान्त्रिक परिपाटी र राज्यको संघात्मक पुनर्संरचना अनुरुप प्रशासनयन्त्रको आवश्यक पुनर्संरचना गरिनेछ । प्रशासनलाई प्रक्रियामुखी भन्दा परिणाममुखी र जनउत्तरदायी, दक्ष तथा पारदर्शी वनाउने ढंगले आमूल परिवर्तन गरिनेछ ।

**१६. नयाँ संक्रमणकालीन अर्थनीति** : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अर्थनीतिको आधार सामन्तवाद र साम्राज्यवाद विरोधी र नेपाली विशेषता सुहाउँदो **नयाँ संक्रमणकालीन अर्थनीति** [ New Transitional Economic Policy ] हुनेछ । यसका मूल विशेषताहरु यी हुनेछन् :

- अर्थतन्त्रमा सामन्तवादका सवै रुपहरुको अन्त्य गरिनेछ । मुख्यतः सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ ।
- अर्थतन्त्रलाई विश्व साम्राज्यवादद्वारा लादिएको नव-उदारवादी अर्थनीतिको दुष्प्रभाववाट मुक्त राखिनेछ । परन्तु राष्ट्रिय योजना अनुरुप र राष्ट्रिय हितमा आवश्यकता अनुसार विदेशी प्रत्यक्ष लगानीलाई छुट दिइनेछ ।
- लगानीका क्षेत्रमा सार्वजनिक-निजी साझेदारी ( Public-Private Partnership, or PPP) प्रणालीलाई प्रश्रय दिइनेछ ।
- सहकारी प्रथालाई परिमार्जन गरी सवै क्षेत्रमा विशेष प्राथमिकतासाथ प्रवर्द्धन गरिनेछ ।
- राज्यले दायित्व लिनु पर्ने तोकिएका विशेष क्षेत्रमा वाहेक अन्यत्र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- समाजवाद उनमुख राष्ट्रिय औद्योगिक पुँजिवादको विकास गर्नु आर्थिक विकास नीतिको मुख्य चरित्र हुनेछ ।

**१७. प्रत्यक्ष लोकतन्त्र र जनमतसंग्रह** : जनताको सर्वोच्चताको सिद्धान्तलाई जिवन्त राख्न व्यवहारिक भएसम्म प्रत्यक्ष लोकतन्त्रको अभ्यासलाई संस्थागत गर्दै जाने संवैधानिक प्रावधान गरिनेछ । यसै अन्तर्गत देशलाई दीर्घकालीन रुपमा प्रभाव पार्ने विषयहरुलाई राष्ट्रिय जनमत संग्रह मार्फत् निर्णय गरिनेछ ।

**१८. सन्धी-सम्झौताको अनुमोदन** : राष्ट्रिय साधनश्रोतको वाँडफाँडसंग सम्वन्धित र राष्ट्रिय हितमाथि गम्भीर असर गर्ने खालका सवै अन्तर्राष्ट्रिय सन्धी-सम्झौता र लिखतहरुको अनुमोदन केन्द्रीय व्यवस्थापिकाको दुइतिहाइ वहुमतवाट गर्ने संवैधानिक प्रावधान राखिनेछ ।

**१९. राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरु** : अन्तरिम संविधानमा उल्लेख भएका राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरुका अतिरिक्त स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र कार्यान्वयन गर्ने नीति र कार्यक्रमहरु तर्जुमा गरी लागू गर्नु राज्यको दायित्व हुनेछ ।

**२०. संविधान निर्माणमा जनसहभागिता** : संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने क्रममा आम जनसमुदाय, विभिन्न सरोकारवाला समूहहरु र विशेषज्ञहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने उपयुक्त विधिहरु अपनाइनेछ ।

## III. ने.क.पा. (माओवादी) को परिकल्पना : समुन्नत नयाँ गणतान्त्रिक नेपालको स्थापना

नेपाली जनताले यति वेला आमूल परिवर्तन सहित दिगो शान्ति र समुन्नत नेपालको चाहना गरिरहेछन् । दश वर्षे महान् जनयुद्ध मार्फत् पुरानो एकात्मक, सामन्ती र राजतन्त्रात्मक नेपालको अन्त्य गरेर नयाँ संघात्मक, लोकतान्त्रिक र गणतन्त्रात्मक नेपालको आधार तयार गर्न ने.क.पा. (माओवादी) ले अग्रणी भूमिका खेलेको कारणले नयाँ समुन्नत नेपालको निर्माणको अपेक्षा पनि माओवादीवाटै हुनु अस्वाभाविक होइन । त्यसैले संविधानसभा निर्वाचनको क्रममा ने.क.पा.(माओवादी) नयाँ नेपाल निर्माणको आफ्नो एजेण्डा जनसमक्ष प्रस्तुत गर्न पाउँदा विशेष गौरवको अनुभूति गर्दछ ।

राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रुपान्तरणको एजेण्डा संगसंगै कार्यान्वयन गरेर मात्रै नयाँ समुन्नत नेपाल वन्न सक्छ भन्ने हाम्रो विश्वास छ । त्यसै अनुरुप हामी यहाँ भावी नेपालको निर्माणको मोटामोटी खाका प्रस्तुत गर्दछौं ।

### (क). राष्ट्रियताको प्रश्न र अन्तर्राष्ट्रिय सम्वन्ध

वर्तमान भूमण्डलीकृत विश्वमा कुशलतापूर्वक राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्दै अन्तर्राष्ट्रिय सम्वन्धलाई सही ढंगले परिचालत नगरीकन तीव्र गतिमा समुन्नत नयाँ नेपाल निर्माण गर्न सकिन्न । त्यसनिम्ति ने.क.पा.(माओवादी) निम्न अनुसार अघि वढ्ने प्रतिवद्धता व्यक्त गर्दछ :

१. **असमान सन्धी-सम्झौता** : नेपालको आत्मनिर्भर र दिगो विकासको लागि वृटिश-भारतको पालादेखि विकसित भएको नेपाल-भारत असमान सम्वन्धको गम्भीर समीक्षा गरेर त्यसमा समयानुकुल परिवर्तन गर्नैपर्दछ । त्यसको निम्ति मुख्य रुपमा सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धी खारेज गरेर पंचशीलको सिद्धान्तका आधारमा र आपसी हितमा नयाँ सन्धी गरिनुपर्छ । त्यसरी नै अन्य सन्धी-सम्झौताहरुको पनि पुनरावलोकन गरेर आवश्यकता अनुसार संशोधन वा परिमार्जन वा खारेज गरिनु पर्दछ । यसवारे गम्भीर कुटनीतिक तथा अन्य पहल गरिनेछ ।

२. **सीमा व्यवस्थापन** : नेपाल-भारत खुला सीमाना व्यवस्थित र नियन्त्रित गरिनुपर्छ । सुस्ता, कालापानी लगायत ठाउँठाउँमा देखिएका सीमा अतिक्रमण र विवादवारे यथासक्य छिटो सत्यतथ्यका आधारमा र आपसी हितमा टुंगो लगाउनुपर्दछ । यीवारे प्राथमिकताका साथ पहल गरिनेछ ।

३. **गोर्खाभर्ती केन्द्र** : नेपाली नागरिकहरु विदेशी सेनामा भर्ती हुने गोर्खाभर्ती केन्द्र जस्ता लज्जास्पद परम्पराको अन्त्य गरिनुपर्छ र उनीहरु सवैलाई स्वदेशभित्रै सम्मानपूर्ण र उत्पादनशील रोजगारीको व्यवस्था गर्नुपर्दछ । यसवारे देशभित्र जनमत र सहज वातावरण निर्माण गरेर आवश्यक कदम चालिनेछ ।

४. **भारत र चीनसंगको सम्वन्ध** : पंचशीलका सिद्धान्तका आधारमा विश्वका सवै देशहरुसंग मैत्रीसम्वन्ध राखिनेछ । भारत र चीन जस्ता दुइ ठूला छिमेकीहरुसंगको सम्वन्ध सन्तुलित र सुदृढ वनाउन विशेष प्रयत्न गरिनेछ । विश्व अर्थतन्त्रको नयाँ इन्जिन वन्न थालेका चीन र भारतको तीव्र आर्थिक विकासवाट लाभ लिन नेपाली शासक वर्गको विगतको 'बफर स्टेट' मानसिकता परित्याग गरेर दुइ देश वीचको अन्तरसम्वन्धको गतिशील पुल वन्ने नीति अनुसरण गरिनेछ ।

५. **वैदेशिक रोजगार** : नेपाली युवायुवतीहरुलाई रोजगारीको निम्ति विदेश पलायन हुनु पर्ने वाध्यात्मक स्थितिको अन्त्य गरिनेछ र स्वदेशमा नै उपयुक्त रोजगारीको व्यवस्था गरिनेछ । तत्कालकालागि वैदेशिक रोजगारमा गएका नेपालीहरुको हकहितको संरक्षण गर्न विशेष ध्यान दिइनेछ र उनीहरुमाथि हुने गरेका सवै खाले शोषण र उत्पीडनको अन्त्य गर्न प्रभावकारी कदम चालिनेछ ।

६. **प्रवासी र गैर-आवासीय नेपाली** : भारत लगायत विश्वका विभिन्न देशमा रहेका प्रवासी नेपालीहरुको हकहितको रक्षाको निम्ति नेपाली दूतावासहरु मार्फत् विशेष प्रयत्न गरिनेछ । गैर-आवासीय नेपालीहरुलाई दोहोरो नागरिकताको व्यवस्था गरेर उनीहरुको शिप र पुँजी नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

७. **सन्धी-सम्झौता अनुमोदन** : जलश्रोत लगायत नेपालका महत्वपूर्ण प्राकृतिक साधनश्रोतको वाँडफाँड सम्वन्धी र नेपाललाई दीर्घकालीन रुपले गम्भीर असर गर्ने विदेशीहरुसंग भएका सन्धी-सम्झौता, समझदारी र लिखतहरुको अनुमोदन केन्द्रीय व्यवस्थापिकाको दुइतिहाइ वहुमतवाट गर्ने प्रावधान राखिनेछ र त्यसको दृढतापूर्वक पालना गरिनेछ ।

**८. विदेशी ऋण** : नेपाललाई विदेशी ऋणको दुष्चक्रवाट मुक्त गर्न र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्न चरणवद्ध योजना लागू गरिनेछ । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु र विदेशीहरुको योजना र शर्त वमोजिम ऋण अनुदान लिने परम्पराको अन्त्य गर्दै राष्ट्रिय आवश्यकता र हित अनुकुल आफ्नो योजना, शर्त र पहलमा वैदेशिक सहयोग (अनुदान र ऋण) लिने पद्धति अनुसरण गरिनेछ ।

**९. भुटानी शरणार्थी** : भुटानी शरणार्थीहरु निःशर्त आफ्नो घर फर्कन पाउनु पर्ने कुराको पूर्ण समर्थन गर्दै उनीहरुलाई ससम्मान स्वदेश फर्काउन अन्तर्राष्ट्रिय रुपमा आवश्यक पहल गरिनेछ ।

## (ख). गणतन्त्र र राज्यको पुनर्संरचना

राजनीतिक ढाँचामा आमूल परिवर्तन विना नयाँ नेपाल निर्माण सम्भव छैन । त्यसैले गणतन्त्रलाई संस्थागत गर्ने, संघात्मक ढाँचामा राज्यको पुनर्संरचना गर्ने, शासनयन्त्रका हरेक अंगको लोकतान्त्रीकरण गर्ने कार्यलाई ने.क.पा.(माओवादी) ले उच्च प्राथमिकता दिनेछ । राजनीतिलाई कमानमा राखेर मात्र दुनियाँ वदल्न सकिन्छ भन्ने मान्यतालाई माओवादीले दह्रोसंग पक्रनेछ । साथै वर्तमान असमान आर्थिक-सामाजिक धरातलमा खडा भएको लोकतान्त्रिक गणतन्त्र एउटा औपचारिक लोकतन्त्रमा मात्र सीमित रहने सम्भावना रहन्छ र त्यसलाई वहुसंख्यक श्रमजीवी र उत्पीडित जनसमुदायको वास्तविक लोकतन्त्रमा वदल्न जनताको संघर्षलाई निरन्तर जारी राख्नु पर्दछ भन्ने मान्यतालाई पनि हामीले राम्ररी आत्मसात गर्नेछौं । त्यसैले यो संक्रमणकालमा परिकल्पना गरिएको स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रलाई दृढतापूर्वक कार्यान्वयन गरेर नयाँ नेपाल निर्माणको आधारशिला खडा गर्न ने.क.पा.(माओवादी) पूर्ण प्रतिवद्धता व्यक्त गर्दछ ।

### १.०. संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन

संविधानसभाको निर्वाचन लगत्तै स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र कार्यान्वयन गर्न ने.क.पा.(माओवादी) ले प्राथमिकताका साथ निम्न प्रस्तावहरु अघि सार्नेछ :

- अढाइ सय वर्षदेखिको सामन्ती शाहवंशीय राजतन्त्रको विधिवत् अन्त्य गरी देशलाई नयाँ गणतान्त्रिक युगमा प्रवेश गराउन अन्तरिम संविधानमा व्यवस्था भए वमोजिम संविधानसभाको पहिलो वैठकवाट संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने ।
- संविधानसभाले नयाँ संविधान नवनाएसम्मको अन्तरिम कालका लागि संविधानसभाका सदस्यहरुले राष्ट्र-प्रमुखको रुपमा कार्यकारी राष्ट्रपतिको निर्वाचन गर्ने ।
- राजनीतिक सहमतिका आधारमा नयाँ अन्तरिम सरकारको गठन गर्ने ।
- राज्यलाई जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासन सहितको संघात्मक ढाँचामा रुपान्तरण गर्ने ।
- समुन्नत नयाँ नेपालको आर्थिक आधार तयार गर्न 'नयाँ संक्रमणकालीन अर्थनीति' लागू गर्ने ।
- गरीवीको रेखामुनि रहेका, वेरोजगार, सुकुम्वासी, अपांग, वृद्धवृद्धा, द्वन्दपीडित, शहीद तथा वेपत्ता नागरिकका परिवार आदिलाई तत्काल राज्यले राहत उपलव्ध गराउने ।
- जनमुक्ति सेना र नेपाली सेनाको उचित समायोजन गरी नयाँ राष्ट्रिय सेना निर्माण गर्ने ।
- विस्तृत शान्ति सम्झौतामा उल्लेख भए वमोजिम 'सत्य निरुपण तथा मेलमिलाप आयोग' गठन गर्ने र प्रतिवेदन प्राप्त भए पछि दोषीलाई कार्वाही गर्ने ।

### २.०. नयाँ नेपालको संघीय राज्य-संरचना सम्वन्धी हाम्रो धारणा

नेपाल एक वहुजातीय (multi-nationalities), वहुभाषिक (multi-lingual), वहुक्षेत्रीय (multi-regional), वहुधार्मिक (multi-religious) र वहुसांस्कृतिक (multi-cultural) मुलुक भए पनि लामो समयदेखि राज्यसत्ताको स्वरुप एकात्मक (unitary) भएको र त्यसको मूल चरित्र पहाडिया कथित उच्च जातीय अहंकारवाद रहेकाले वहुसंख्यक मधेसी र जनजातिहरुले आफुलाई उत्पीडित महसूस गर्दै आइरहेका छन् । त्यसरी नै काठमाण्डौ केन्द्रित राज्यसत्तावाट सुदूर पश्चिमका सेती-महाकाली र भेरी-कर्णाली क्षेत्र तथा हिमाली क्षेत्रहरुले चरम उपेक्षा र उत्पीडनको अनुभूति गर्दै आइरहेका छन् । यो स्थितिमा राज्यको एकात्मक ढाँचाको अन्त्य गरी संघात्मक ढाँचामा पुनर्संरचना गर्नु नयाँ नेपाल निर्माणको सवभन्दा महत्वपूर्ण शर्त वन्न गएको छ । यो जातीय र क्षेत्रीय उत्पीडनको प्रश्नलाई वर्गीय उत्पीडनसंग जोडेर सवभन्दा सुस्पष्ट र सुव्यवस्थित ढंगले महान् जनयुद्धको क्रममा नै उठाउँदै आएको राजनीतिक शक्तिको नाताले ने.क.पा. (माओवादी) राज्यको संघात्मक पुनर्संरचनाको कार्यसूची कार्यान्वयन गर्न सवभन्दा वढी जिम्मेवार महसूस गर्दछ र संविधानसभा मार्फत् सही र वैज्ञानिक ढंगले कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । स्मरण रहोस् , हामीले राज्यको संघात्मक पुनर्संरचनाको प्रारम्भिक अभ्यास जनयुद्ध कालदेखि नै गर्दै आएका छौं र त्यसलाई जनसमक्ष अनुमोदननिम्ति प्रस्तुत गर्दैछौं ।

**२.१. संघीयताको आधार** : नेपालमा संघीय संरचनाको मुख्य आधार के हुन सक्छ ? यसवारे थुप्रै वहस हुँदै आएको भए पनि सापेक्ष रुपले वढी वैज्ञानिक र व्यवहारिक आधार जातीय र क्षेत्रीय पहिचान नै हो भन्ने हाम्रो ठहर छ । यहाँ 'जातीय' भन्नाले प्रजाति वा नस्ल (ethnicity or race) वा जातपात (caste) नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा वनोवैज्ञानिक वनोट भएको मानिसहरुको स्थीर समूह वा 'राष्ट्रियता' (nationality) को अर्थमा हो भनेर वुझ्नु आवश्यक छ । फेरि पुरानो सत्ताबाट उत्पीडन वर्गीय साथसाथै जातीय र क्षेत्रीय आधारमा नै हुँदै आएकाले जुन आधारमा उत्पीडन भएको हो त्यही आधारमा अधिकार सुनिश्चित गरेर मात्र समस्याको समाधान हुनसक्छ । निश्चित रुपमा इतिहासको विकासक्रममा एउटा जातिको मूल थलोभित्र अन्य जातिहरुको पनि उल्लेख्य मात्रामा वसोवास हुन पुगेको हुनाले एउटा जातीय राज्य भित्र अन्य जातिहरुको अधिकार हनन नहुने वरु सुनिश्चित हुने कुरामा ध्यान पुऱ्याउनै पर्छ । साथै एउटा मूल जातीय राज्यभित्र अन्य उपजातीय राज्य इकाइको व्यवस्था हुने कुरालाई पनि ख्याल गर्नुपर्छ । त्यसरी नै एउटा जातिको मुक्ति अर्को जातिको उत्पीडन गरेर हुँदैन भन्ने कुरालाई आत्मसात गर्नु पर्दछ र मिश्रित जाति भएका राज्यहरु भित्रका अल्पसंख्यकहरुको अधिकार सुनिश्चित गर्न ध्यान दिनु पर्दछ । सवै जाति र क्षेत्रका अधिकारहरुको वाँडफाँड सहमतिको आधारमा नयाँ संविधान र कानूनमा व्यवस्थित गरिने भएकाले वर्गीय आधारमा विभिन्न जातिहरु वीचको एकता अरु सुदृढ हुने कुरामा सवै विश्वस्त रहनैपर्छ ।

उत्पीडित जाति र क्षेत्रहरुको मुक्ति सम्वन्धित जाति र क्षेत्रका श्रमिकहरुको नेतृत्वमा मात्र सम्भव छ भन्ने कुरालाई पनि गम्भीरतापूर्वक आत्मसात गर्न जरुरी छ । खाशगरी केही समय यता मधेशी लगायतका उत्पीडित जातिहरुको मुक्ति आन्दोलनमा त्यहाँ भित्रका सामन्त जमिन्दार र दलाल तथा नोकरशाही पुँजिपतिहरुले श्रमिक वर्गवाट राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व हत्याउन र आफुलाई उत्पीडित जातिहरुको नक्कली मसीहाको रुपमा प्रस्तुत गर्न जुन कसरत गर्दैछन् त्यसवाट ती जाति र क्षेत्रका मुक्तिकामी जनता सतर्क रहन आवश्यक छ । हिजोसम्म एकात्मक राज्यको पक्षपोषण गर्ने र देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरुको गोटी वन्नेहरु रातारात जातीय मुक्ति आन्दोलनका हिमायती वन्न खोज्छन् भने 'दालमा केही कालो छ' भन्ने सवैले वुझ्नै पर्दछ ।

**२.२. संघीयताको नीति** : त्यसरी नै संघीयताको मूल नीति के हुनसक्छ ? वास्तविक संघीयताको सार्वभौम नीति भनेको उत्पीडित जाति र क्षेत्रहरुको आत्मनिर्णयको अधिकार र त्यस आधारमा स्वेच्छिक एकता हो । हामीले पनि सही अर्थमा राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने हो भने सिद्धान्ततः यो नीतिलाई स्वीकार्नै पर्दछ । परन्तु नेपालको ठोस भू-राजनीतिक स्थिति र विभिन्न उत्पीडित जाति र क्षेत्रहरुको आर्थिक-सामाजिक विकासको न्यून स्तरलाई मध्यनजर गर्दा आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम नै सवभन्दा वैज्ञानिक र उपयुक्त हुन्छ । हामीकहाँ स्वतन्त्र राज्यहरु स्वेच्छिक ढंगले संघीयतामा आवद्ध भएको नभै एकात्मक राज्यलाई संघीय राज्यहरुमा पुनर्गठित गर्न लगिएकोले शुरुशुरुमा यो नीति र कार्यक्रम आत्मसात गर्न केही कठीनाइ पर्न सक्छ । तर यसरी मात्र सही लोकतान्त्रिक आधारमा संघीय राज्यहरु वीच नयाँ र सुदृढ एकता कायम हुन सक्छ भन्ने कुरालाई सवैले मनन गर्नै पर्दछ ।

जहाँसम्म आत्मनिर्णयको अधिकारले देशलाई विखण्डनतिर लैजानसक्छ भन्ने कुरा छ, उत्पीडित जाति र क्षेत्रलाई स्वेच्छिक अधिकार दिएर आजसम्म दुनियाँमा कुनै पनि देश टुक्रिएको छैन । वरु उल्टै त्यस्तो अधिकार नदिएर वलजफ्ती वाँधेर राख्न खोज्दा देश टुक्रिने गरेको छ । जसरी सम्वन्ध-विच्छेदको अधिकार पाएका सवै श्रीमतीहरु श्रीमानबाट अलग हुँदैनन् त्यसै गरी आत्मनिर्णयको अधिकार पाएका सवै राज्यहरु केन्द्रबाट छुट्टिदैनन् भन्ने कुरा राम्ररी वुझ्न जरुरी छ ।

**२.३. संघीय संरचनाको स्वरुप** : संघीयताको उपरोक्त आधार र नीति अनुरुप देशको राज्य संरचना तीन तह- केन्द्र, स्वायत्त गणराज्य र स्थानीय तह- हुनेछन् । नेपाललाई जातीय वनोट, भौगोलिक अनुकुलता, भाषिक आधार, आर्थिक सम्भावना आदिलाई ख्याल गर्दै तत्काल निम्न वमोजिम एघार वटा स्वायत्त गणतन्त्र राज्य र ती भित्र अरु थप उप-स्वायत्त राज्य वा इकाइमा विभाजन गर्न सकिने प्रस्ताव गरिएको छ । ती हुन्- क्षेत्रीय आधारमा गठन गरिएका **सेती-महाकाली** राज्य र **भेरी-कर्णाली** राज्य, तथा जातीय आधारमा निर्माण गरिएका **मगरात, थारुवान, तमुवान, नेवाः, ताम्सालिङ, किराँत, लिम्वुवान, कोचिला** र **मधेस** । यी मध्ये मधेसभित्र भाषिक आधारमा **मिथिला, भोजपुरा** र **अवध** उप-राज्य निर्माण गर्ने प्रस्ताव गरिएको छ । (हेर्नोस् नक्सा)

- राज्यहरुको सीमा आपसी सहमतिमा जातीय वनोट, भाषिक आधार, आर्थिक सम्भावना, भौगोलिक अनुकुलता आदिलाई समेत विचार गरी निर्धारण गरिनेछ ।
- एउटा राज्यभित्र कुनै अर्को जाति वा जातिहरुका सघन अस्तित्व रहेका इलाका भए त्यहाँ स्थानीय स्तरका स्वायत्त इलाकाहरु निर्माण गर्न सकिनेछ ।
- नेपालमा हाल सूचीकृत गरिएका जनजाति मध्ये हिमाली क्षेत्रका व्याँसी, हिमाली (लामा/भोटे), शेर्पा, थकाली आदि, पहाडका बरामु, भुजेल, चेपाङ, छन्तेल, दुरा, हायु, हयोल्मो, जिरेल, लेप्चा, सुनुवार, थामी आदि, भित्री मधेसका माझी-बोटे, दनुवार,

दराई, कुमाल आदि र तराईका धिमाल, झाँगड-किसान, मेचे, मुण्डा-सन्थाल, कोच-राजवंशी आदिका पनि सघन वसोवास भएका ठाउँमा स्थानीय स्वायत्त इलाका वन्न सक्नेछन् ।

**२.४. अधिकार र दायित्व** : केन्द्र, राज्य र स्थानीय तह वीच अधिकार र दायित्वको स्पष्ट वाँडफाँड गरी संविधानमा नै सूचीकृत गरिनेछ । जस अनुसार सीमा सुरक्षा, सैन्य व्यवस्थापन, वैदेशिक सम्वन्ध, अन्तरराज्य व्यापार, मौद्रिक नीति र केन्द्रीय वैंक, भन्सार राजस्व, ठूला जलविद्युत परियोजना, रेल्वे, हवाइ मार्ग, राष्ट्रिय मार्गहरु, केन्द्रीय विश्वविद्यालय, नापतौल आदि केन्द्रको अधिकार क्षेत्र भित्र रहनेछन् भने वाँकी अधिकार स्वायत्त राज्यहरुमा रहनेछ । सोही वमोजिम स्थानीय यातायात, स्थानीय कर, शिक्षा, स्वास्थ्य, सरसफाइ, स्थानीय साधनश्रोत आदि माथि स्थानीय निकायहरुको अधिकार रहनेछ ।

केन्द्र र राज्य वीचको सम्वन्ध सन्तुलित र सुमधुर वनाउन विशेष व्यवस्था गरिनेछ । केन्द्रले राज्य सम्वन्धी निर्णय गर्दा राज्यका प्रतिनिधिहरुको सहमतिमा र राज्यले निर्माण गरेका कानूनहरु केन्द्रको सहमतिमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

## ३.०. शासन प्रणाली :

### ३.१. व्यवस्थापिका :

३.१.१. केन्द्रमा दुइ सदनको र राज्यमा एक सदनको व्यवस्थापिका रहनेछ । व्यवस्थापिकाको सदस्य संख्या सकेसम्म सानो राखिनेछ ।
३.१.२. केन्द्रको तल्लो सदनमा जनसंख्याको आधारमा प्रतिनिधि चुनिनेछन् भने उपल्लो सदनमा सवै राज्यहरुवाट वरावर प्रतिनिधि चुनिनेछन् ।

### ३.२. कार्यपालिका :

३.२.१. केन्द्रमा प्रत्यक्ष निर्वाचन प्रणालीवाट निर्वाचित कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरुवाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनेछ ।
३.१.२. राष्ट्रपतिले राष्ट्रध्यक्ष, सेना प्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्नेछन् र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन संचालनको जिम्मेवारी वहन गर्नेछन् ।
३.२.३. राज्यमा गभर्नर र मुख्यमन्त्रीको व्यवस्था हुनेछ ।

### ३.३. न्यायपालिका :

३.३.१. तीन तहको अदालती संरचना कायम गरिनेछ । केन्द्रमा सर्वोच्च अदालत, राज्यमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत रहनेछन् । जिल्लाको मातहतमा लोक अदालत वा मेलमिलाप केन्द्रहरु रहनेछन् ।
३.३.२. सर्वोच्च अदालतलाई गम्भीर कानूनी प्रश्न, संवैधानिक विषयहरु, अन्तरराज्य सम्वन्धी विषयहरु, राष्ट्रिय श्रोत साधनको वाँडफाँड र उपयोग सम्वन्धी विवादहरु र केही गम्भीर प्रकृतिका अन्य विषयहरु मात्र हेर्ने अदालतको रुपमा विकास गरिनेछ ।
३.३.३. उच्च अदालतलाई असाधारण अधिकार सहित प्रभावकारी वनाइनेछ ।
३.३.४. ठूलालाई चैन र सानालाई ऐन रहेको वर्तमान न्यायप्रणालीमा आमूल परिवर्तन गरिनेछ ।

### ३.४. प्रशासनिक क्षेत्र :

३.४.१. सरकारी प्रशासनिक सेवालाई केन्द्रीय, राज्यीय र स्थानीय गरी तीन तहमा विभाजन गर्ने व्यवस्था मिलाइनेछ ।
३.४.२. विद्यमान सरकारी प्रशासन (निजामति, जंगी, प्रहरी र अन्य सेवाहरु) लाई जनउत्तरदायी, इमान्दार, सक्षम, निष्पक्ष, पारदर्शी वनाउने तथा संघीय लोकतान्त्रिक पद्धति अनुरुप कार्य गर्न सक्ने वनाउन **'प्रशासन पुनर्संरचना आयोग'** गठन गरिनेछ ।
३.४.३. सरकारी सेवामा कार्यरत कर्मचारीको पारिश्रमिकलाई आफु र आफुमा आश्रित परिवारजनको जीवन निर्वाहकोलागि यथेष्ठ रुपमा पुग्ने गरी वृद्धि गर्ने व्यवस्था गरिनेछ र त्यसलाई मुद्रास्फितिसंग आवद्ध गर्दै लगिनेछ ।

## ४.०. राष्ट्रिय सुरक्षा :

४.१. नयाँ लोकतान्त्रिक गणतान्त्रिक मूल्यमान्यता र परिस्थिति अनुरुप नयाँ राष्ट्रिय सुरक्षा नीति तय गर्न तथा सुरक्षा क्षेत्रको पुनर्संरचना गर्न **उच्च स्तरीय सुरक्षा आयोग** गठन गरिनेछ ।

४.२. वर्तमान सुरक्षा प्रणालीको पारम्परिक सोचलाई पुनर्व्याख्या गरी राष्ट्रिय सुरक्षा संयन्त्रमा आम नागरिक अघिल्लो पंक्तिमा र सुरक्षा संयन्त्रहरु सहयोगीको रुपमा रहने किसिमको रणनीति तय गरिनेछ । सेनालाई व्यारेकमा थुनी राख्नु सट्टा विकास-निर्माण सम्वन्धी रचनात्मक काममा लगाउने र सेनाको सामाजिकीकरण गर्दै जनमुखी वनाउने नीति अवलम्वन गरिनेछ ।
४.३. नेपाली सेनाको लोकतान्त्रीकरण र जनमुक्ति सेनाको व्यवसायीकरण गर्दै यथासक्य छिटो उचित ढंगले समायोजन गरेर नयाँ राष्ट्रिय सेना निर्माण गर्ने कार्य सम्पन्न गरिनेछ । राष्ट्रिय सेनामा सवै जाति/जनजाति, उत्पीडित क्षेत्र, महिला, दलित लगायत सवैको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गरिनेछ । सेनालाई चुस्त वनाई आधुनिकीकरण गरिनेछ । १८ वर्ष भन्दा माथिका निश्चित उमेर सम्मका स्वस्थ नागरिक सवैलाई सैनिक शिक्षा र तालिमको व्यवस्था गरिनेछ ।
४.४. संघीय राज्यप्रणालीको नयाँ अवधारणा अनुसार सैन्यवल केन्द्रीय सरकारको मातहत रहनेछ भने स्वायत्त राज्यहरुले आआफ्नो अर्ध-सैनिक वल वा जनमिलिसिया निर्माण गर्ने व्यवस्था गरिनेछ । साथै सीमा सुरक्षा वल, औद्योगिक सुरक्षा वल, वन सुरक्षा वल, राजमार्ग सुरक्षा वल, ग्रामीण सुरक्षा वल आदि प्रणालीको विशिष्ठीकरण गरिनेछ ।
४.५. देशमा हाल नेपाल, भारत र वेलायती सेनामा सेवा गरी निवृत्त भएका लाखौं भू.पू. सैनिकहरु रहेको हुँदा उनीहरुको अनुभव र क्षमतालाई राष्ट्रिय हितमा प्रयोग गर्न विशेष योजना वनाइनेछ । भारतीय र वेलायती सेनावाट निवृत भएका भु.पू. सैनिकहरुले पाउने पेन्सन लगायतका सुविधामा रहेको असमानता हटाउन विशेष पहल गरिनेछ ।

## (ग). नयाँ नेपालको आर्थिक आधार

वस्तुत नयाँ नेपाल भनेको गरीवी, वेरोजगारी, भोक, अशिक्षा, परनिर्भरता, असमानताबाट मुक्त समुन्नत र आत्मनिर्भर नेपाल हो । त्यसैले संविधानसभा मार्फत् अग्रगामी राजनीतिक परिवर्तन सुनिश्चित गर्नुको साथसाथै देशको सम्पूर्ण शक्ति आर्थिक विकासमा केन्द्रित गरिनेछ । त्यसको निम्ति **'नयाँ संक्रमणकालीन अर्थनीति'** (New Transitional Economic Policy) को विस्तृत कार्ययोजना तयार गरेर अभियानात्मक रुपमा कार्यान्वयन गरिनेछ । परिणाम स्वरुप **देश १० वर्षमा मध्यम स्तर, २० वर्षमा उच्च स्तर र ४० वर्षमा अति उच्च स्तरको विकासको कोटीमा पुग्नेछ** । यसका लागि अलपकालीन, मध्यकालीन र दीर्घकालीन आर्थिक विकास योजना तयार गरी लागू गरिनेछ । त्यसनिम्ति हाम्रो सामान्य मार्गचित्र यस्तो हुनेछ :

### १.०. सामान्य विकास नीति

**१.१. सामन्तवादी सम्वन्धको अन्त्य** : नेपालको समग्र विकासको निम्ति मुख्य वाधक तत्व भनेको विविध क्षेत्रमा र मुख्यतः कृषिमा अद्यावधि कायम रहेको सामन्तवादी उत्पादन सम्वन्ध नै हो । दुइ तिहाइ श्रमशक्ति अल्झिरहेको कृषिमा सामन्ती उत्पादन सम्वन्धका सवै रुपहरु जरैदेखि उखेलेर नफाली नेपालको आर्थिक कायापलट र तीव्र विकास सम्भवै छैन । त्यसैले 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गर्दै समाजका सवै क्षेत्रमा विद्यमान सामन्तवादका अवशेषलाई निमिट्यान्न पारेर तीव्र आर्थिक विकासको आधार तयार गरिनेछ । अन्ततः राजनीतिक क्रान्ति पूरा नभै आर्थिक क्रान्ति सफल हुन्न भन्ने तथ्यलाई राम्ररी स्थापित गरिनेछ ।

**१.२. रोजगारी सहितको आर्थिक वृद्धि** : नेपालको तीव्र विकासको मूल आधार भनेको प्रचुर जनशक्ति नै हो, जुन अहिलेसम्म कि त पूर्ण वेरोजगार भएर विदेश भौंतारिइरहेछ कि पुरानो निर्वाहमुखी कृषिमा टाँसिएर छद्म-वेरोजगारी र अर्ध-वेरोजगारको पीडा भोगिरहेछ । परन्तु अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुद्धारा लादिएको नव-उदारवादी आर्थिक नीतिले देशमा रोजगारी विनाको र सीमित शहरवजार केन्द्रित नक्कली आर्थिक वृद्धि मात्रै दिने गरेको छ । यो स्थितिमा आमूल परिवर्तन गरेर जगेडा श्रम शक्तिको अधिकतम सदुपयोग हुने गरी उत्पादनशील श्रम र रोजगारी प्रधान विकास नीति अनुसरण गरिनेछ । त्यसरी मात्रै आर्थिक वृद्धि र सामाजिक न्यायको सन्तुलन कायम हुनेछ र विकासको प्रतिफल घरघर र गाउँगाउँमा पुग्नेछ । यसनिम्ति राज्य र अन्तराष्ट्रिय वित्तीय संस्थाहरुको आडमा हुर्केको अनुत्पादनशील र परजीवी नोकरशाही पुँजिवादी सम्वन्धको अन्त्य गरी उत्पादनशील औद्योगिक पुँजिवादी सम्वन्ध विकास गर्न जोड दिइनेछ ।

**१.३. सार्वजनिक-निजी साझेदारी** : विकास निम्ति आवश्यक पुँजीको अभाव पूर्ति गर्न र देशभित्रै छरिएर रहेको पुँजिको अधिकतम सदुपयोग गर्न सार्वजनिक-निजी साझेदारी प्रणालीलाई योजनावद्ध ढंगले अघि वढाइनेछ । टेलिफोन, विजुली, पानी आदि वस्तुका उपभोक्ता र उद्योग व्यवसायका मजदूरहरुवाट सोही संस्थान वा उद्योगमा साना शेयर लगानी गर्न प्रोत्साहित गरिनेछ । राज्यको नेतृत्व र पहलमा स्वदेशी वा विदेशी निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने यो प्रणाली नै नयाँ अन्तरिम अर्थनीतिको मेरुदण्ड रहनेछ ।

**१.४. सहकारी अभियान** : हाम्रो जस्तो सानो जमिन वा पुँजिको स्वामित्व भएका मान्छेहरुको वाहुल्य रहेको समाजमा एक्लाएक्लै भन्दा सहकारी ढंगले आर्थिक क्रियाकलाप गरेर मात्रै वर्तमान असमान प्रतिस्पर्धात्मक विश्वमा टिक्न सम्भव हुन्छ ।

त्यसैले विविध खाले उत्पादन, वितरण र वित्तीय सहकारी संजाल देशैभर विस्तार गरेर त्यस मार्फत् आत्मनिर्भर विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

**१.५. विज्ञान र प्रविधिको प्रयोग** : आर्थिक उत्पादनका सवै क्षेत्रमा सूचना-संचार र सवै खाले विज्ञान तथा प्रविधिको अत्यधिक प्रयोग हुने वर्तमान विश्व सन्दर्भमा विज्ञान र प्रविधिको उचित प्रयोग गरेर तीव्र वृद्धिदर हासिल गर्ने प्रयत्न गरिनेछ । त्यसनिम्ति शिक्षा र मानवीय संसाधनको विकासमा विशेष जोड दिइनेछ ।

**१.६. राष्ट्रिय साधनश्रोतको अधिकतम प्रयोग** : आत्मनिर्भर र तीव्र विकास निम्ति देशभित्रै प्रचुर मात्रामा उपलब्ध र सापेक्ष लाभ भएका वस्तु र क्षेत्र, जस्तै जल, जमिन, जंगल, जैविक विविधता, जडिवुटी, जनशक्ति आदिको अधिकतम प्रयोग गर्ने नीति लिइनेछ । त्यसनिम्ति कृषि उद्योग, पर्यटन, जलश्रोत, सेवा क्षेत्र र पूर्वाधार निर्माणलाई प्राथमिकताका क्षेत्र मानिनेछ ।

**१.७. समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजिवादको विकास** : समग्रमा, अर्थतन्त्र विद्यमान सामन्तवाद र नोकरशाही तथा दलाल पुँजिवादका सवै रुपहरुको अन्त्य गरेर तीव्र आर्थिक वृद्धि, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन र आत्मनिर्भरता सहितको समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजिवादको विकास गर्नु राष्ट्रिय विकास नीतिको मुख्य चरित्र र विशेषता हुनेछ ।

## २.०. कृषि र वन

२.१. जल, जमिन र जैविक विविधतामा देश धनी भएको, कृषि क्षेत्रमा वहुसंख्यक जनता आश्रित भएको र कृषि उद्योगमा तुलनात्मक लाभ प्राप्त हुने भएकाले निर्वाहमुखी कृषि क्षेत्रको आमूल परिवर्तन गरेर व्यवसायिक कृषिमा रुपान्तरण गर्नु नयाँ नेपालको आर्थिक विकास नीतिको मुख्य प्राथमिकता क्षेत्र हुनेछ ।

२.२. सर्वप्रथम क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ । कृषिमा सामन्ती भूमि-सम्वन्ध, गैरहाजिर जमिनदारी आदिको पूर्ण अन्त्य गरिनेछ । वास्तविक जोताहा मोही, मुक्त कमैया, भूमिहीन किसान, गरीव किसानलाई निःशुल्क जमीन वितरण गरिनेछ । तराई, पहाड र हिमालमा फरक-फरक हदवन्दीको सिमा किटान गरेर लागू गरिनेछ । साना किसानहरुलाई सहकारीमा संगठित गरिनेछ । आधुनिक ढंगले खेति गर्न, वाली विविधिकरण गर्न र व्यवसायिक खेती गर्न प्रोत्साहन गरिनेछ । वाँझो कृषि भूमिलाई शुःल्क लगाउने व्यवस्था गरी उत्पादन वढाउने कार्यमा लाग्न सवैलाई अभिप्रेरित गरिनेछ ।

२.३. मुलुकका निश्चित स्थानमा आन्तरिक प्रयोगको निम्ति आवश्यक खाद्यान्न खेती गरेर वाँकी क्षेत्रमा तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभ भएका विशिष्ठ, अनुपम तथा उच्च मूल्य, थोरै वजन र कम आयतन भएका कृषिजन्य वस्तु (जस्तै, पहाडी भेगमा वेमौसमी तरकारी, ऐसेलु, काफल, मेल जस्ता फलफूल, गुणस्तरयुक्त वास्नादार मह, लुइँचे, कालिज, डाँफे जस्ता चराचुरुङ्गी, जडिवुटी खाएका चौरीको दूध र चीज, चिसो पानीका माछा, चिसो पानीको चामल, यार्चागुम्वा, पाँचऔले लगायतका हिमाली जडिवुटी आदि) को व्यवसायिक उत्पादन गरी निर्यात गर्न अभिप्रेरित गरिनेछ । कृषि, पशुपालन, फलफुल खेती, माछापालनलाई एकीकृत ढंगले उद्योगको रुपमा विकास गरिनेछ । कृषि उद्योगलाई देशको प्रमुख आर्थिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

२.४. मध्य पहाडका ठूला टार र भित्री मधेस तथा तराईमा वर्षभर सिंचाइको निम्ति विशेष योजना वनाएर कार्यान्वयन गरिनेछ । देशभित्र फर्टिलाइजर (मलखाद) कारखाना, कृषि औजार कारखाना स्थापना गरिनेछ । दक्ष कृषि जनशक्ति उत्पादन गर्न कृषि तथा वन विश्वविद्यालय स्थापना गरिनेछ ।

२.५. कृषि उपजहरुको वजार र भण्डारनकोलागि कृषि सडक र शित भण्डारहरुको संजाल निर्माण गरिनेछ । किसानहरुलाई आफ्ना उत्पादनको न्यूनतम (समर्थन) मूल्य उपलब्ध गराउने विशेष कार्यक्रम लागू गरिनेछ ।

२.६. तराई र मध्य पहाडका समथर इलाका वाहेक देशको अधिकांश भूभागमा जैविक विविधता अनुकुलको वन तथा जडीवुडी खेती गरिनेछ र त्यसलाई राष्ट्रिय उद्योगको रुपमा विकास गरिनेछ । यसनिम्ति सम्पूर्ण देशको भू-उपयोग योजना निर्माण गरी लागू गरिनेछ । नदी नियन्त्रण र भू-संरक्षणको विस्तृत योजना वनाई कार्यान्वयन गरिनेछ ।

२.७. कृषि क्षेत्रमा ऋण कर्जा विकास र विस्तारका लागि कृषि विकास वैंकका अतिरिक्त भूमि विकास वैंक, लघु तथा घरेलु विकास वैंक आदिको स्थापना गरिनेछ । भूमिहीन तथा साना किसानहरुको ऋण मिनाहा गरिनेछ । मध्यम किसानको ऋणको व्याज मिनाहा गरिनेछ ।

२८. पर्यावरणीय सन्तुलन कायम गर्न विशेष ध्यान दिइनेछ र त्यस विपरित हुने गतिविधिलाई कडाइपूर्वक रोकिनेछ । रासायनिक मल र विषादीको सट्टा जैविक र प्रांगारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

## ३.०. पर्यटन तथा उद्योग

३.१. पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखिनेछ । तराईदेखि उच्च हिमालसम्मको जैविक विविधता, सांस्कृतिक र धार्मिक विविधताको उच्चतम प्रयोग गरी पर्यटनको विकास गरिनेछ । ग्रामीण पर्यटन, हिमालीय तथा पर्वतीय पर्यटन, पर्या-पर्यटन, जलयात्रा पर्यटन, पदयात्रा पर्यटन, दृश्यावलोकन पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, खेलकुद पर्यटन, सांस्कृतिक पर्यटन इत्यादि विविध पर्यटनका रुपहरुको विकास गरी विदेशी पर्यटकहरु आकर्षित गरिनेछ । हाल वर्षेनी ५ लाख जति विदेशी पर्यटक आउने गरेकोमा सो संख्यालाई दश वर्ष भित्र २० लाखसम्म पुऱ्याउने प्रयत्न गरिनेछ । ल्हासासम्म आएको रेल काठमाण्डौ हुँदै लुम्विनीसम्म विस्तार र सिमरा तथा लुम्विनीमा अन्तर्राष्ट्रिय एयरपोर्ट र काठमाण्डौ-हेटौडा फाष्ट ट्र्याक (सुरुङ मार्ग) निर्माण गरी टुरिष्टको संख्या त्यो भन्दा पनि वढी गराउन प्रयत्न गरिनेछ, जसले देशको अर्थतन्त्र नै कायापलट गर्नेछ । यसनिम्ति भारत र चीन वीचको टुरिष्टहरुको प्रवाहलाई नेपाल हुँदै संचालन गर्न विशेष जोड दिइनेछ ।

३.२. राष्ट्रिय औद्योगिकरणलाई उच्च प्राथमिकता दिइनेछ । सवभन्दा पहिले रुग्ण उद्योगहरुलाई पुनः संचालन गर्न विशेष जोड दिइनेछ । विदेशीहरुसंग प्रतिस्पर्धा गर्न नसकी अधिकांश उद्योग धरासायी हुँदै गएको स्थितिमा राष्ट्रिय उद्योगधन्दाहरुलाई विशेष संरक्षण दिने नीति अवलम्वन गरिनेछ । विलासिताका वस्तुहरुको आयातलाई निरुत्साहित गरेर स्वदेशी पुँजी स्वदेशी औद्योगिक लगानीमा लगाउने वातावरण निर्माण गरिनेछ । साना तथा घरेलु उद्योगहरुलाई विशेष प्रोत्साहन गरिनेछ । विशेषतः आयात प्रतिस्थापन गर्ने उद्योगमा लगानी गर्न विदेशी लगानीकर्ताहरुलाई स्वागत गरिनेछ । उद्योगमा ५१ प्रतिशत स्वदेशी लगानी हुने संयुक्त लगानीलाई प्राथमिकता दिइनेछ । भारत र चीनको ठूलो वजारलाई मधयनजर गरी खाशखाश दक्षिणी र उत्तरी सीमावर्ती इलाकामा निर्यातमूलक उद्योग स्थापना गर्न 'विशेष आर्थिक क्षेत्र' स्थापना गरिनेछ । वैदेशिक रोजगारीबाट भित्रिने ठूलो विप्रेसन (remittance) को रकमलाई औद्योगिक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ । श्रमिकहरुलाई उद्योगको व्यवस्थापनमा संलग्न गराएर र उद्योगहरुको शेयर मजदूरहरुलाई पनि वितरण गरेर मजदूर-व्यवस्थापन वीचको अन्तरविरोध मित्रवत् ढंगले हल गर्ने प्रयत्न गरिनेछ ।

## ४.०. जलश्रोत तथा जलविद्युत

४.१. जलश्रोत र जलविद्युतको विकासलाई नयाँ नेपाल निर्माणको एक प्रमुख आधार वनाइनेछ । जलविद्युत आयोजनालाई सिंचाइ, यातायात, औद्योगिक एवं शहरी विकाससंग एकाकार गरी अगाडि वढ्नकालागि आगामी १० वर्षसम्म जलविद्युत विकासलाई एक अभियानको रुपमा लगिनेछ । अल्पकालीन र दीर्धकालीन योजना वनाएर **आगामी १० वर्षमा १० हजार मेघावाट विद्युत उत्पादन गरिनेछ ।**

४.२. साना तथा मझौला जलविद्युत योजना आन्तरिक लगानीवाट र ठूला तथा निर्यातमूलक योजना विदेशी लगानीवाट सम्पन्न गर्ने नीति अनुसरण गरिनेछ । जलविद्युत सम्भावनामा संसारको दोश्रो धनी मानिने देशमा झण्डै आधा दिन लोडसेडिङ गर्नु परिरहेको विडम्वनापूर्ण स्थितिलाई अन्त्य गर्न देशभित्रै छरिएर रहेका साना पुँजी संकलन गरी साना तथा मझौला जलविद्युत आयोजनामा लगानी गर्न विशेष पहल गरिनेछ । विद्युत र पानी उपभोक्ताहरुलाई नै आयोजनाको शेयर वितरण गरेर पुँजी संकलन गर्ने नीति लिइनेछ ।

४.३. ग्रामीण विद्युतीकरणमा विशेष जोड दिइनेछ र **आगामी दश वर्षमा सवै गाउँ र घरहरुमा विजुली वितरण गरिनेछ ।**

४.४. कोशी, गण्डकी र कर्णालीमा महाभारत श्रृंखलामा वाँध वाधेर वा सुरुङ खनेर सम्पूर्ण तराईलाई सिंचाइ नहर संजालले जोड्ने योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । पहाडका नदी किनारका ठूला टारहरुमा लिफ्ट सिंचाइ, नहर आदि विविध तरिकाले स्थायी सिंचाइको व्यवस्था गरिनेछ । वर्षाको पानी संचय गरेर हिउँदमा प्रयोग गर्न ठूलाठूला पोखरीहरु निर्माण गर्ने विशेष अभियान संचालन गरिनेछ ।

## ५.०. भौतिक पूर्वाधार तथा शहरीकरण

५.१. **'नयाँ नेपाल निर्माणको आधार, आधुनिक भौतिक पूर्वाधार'** को नारालाई आर्थिक विकासको सूत्रवाक्य वनाइनेछ । विकसित भौतिक पूर्वाधार विना नयाँ नेपालको कल्पना सपना मात्र हुने भएकाले सडक, रेलमार्ग, रोप-वे, खानेपानी आयोजना, आवास तथा शहरीकरण जस्ता विषयमा उच्च प्राथमिकता दिइनेछ । विगतमा खालि काठमाण्डौ र भारतीय सीमानाका शहर जोड्नमा मात्र जोड दिंदै आएकोमा एकीकृत र सन्तुलित विकासको निम्ति हिमाल, पहाड र तराईलाई तथा पूर्व र पश्चिमलाई जोड्न विशेष ध्यान दिइनेछ । साथै संघीय ढाँचा अनुरुप स्वायत्त राज्यहरुका राजधानीलाई एक अर्कासंग जोड्न र त्यहाँ व्यवस्थित शहरी विकास गर्न जोड दिइनेछ ।

५.२. सम्पूर्ण देशको भू-उपयोग योजना सहित एकीकृत विकासका लागि अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरेर वीस वर्ष भित्र देशको मुहारै परिवर्तन गर्ने गरी सडक, रेल मार्ग, सुरुङ मार्ग, रोप-वे र शहरीकरणको वृहद् संजाल निर्माण गरिनेछ । सर्वप्रथम मध्य पहाडबाट पूर्व-पश्चिम जोड्ने सडक मार्ग पूरा गरिनेछ । तराईमा पूर्वदेखि पश्चिम जोड्ने विद्युतीय रेलमार्ग निर्माण गरिने छ । भित्री मधेसवाट पूर्व-पश्चिम जोड्ने सडक मार्ग पूरा गरिनेछ । भारत र चीन वीचको गतिशील पुलको काम गर्ने गरी पूर्व, मध्य र पश्चिमका ५ वा ६ वटा उत्तर-दक्षिण सडक मार्ग निर्माण गरिनेछ । ल्हासावाट काठमाण्डौ हुँदै लुम्विनीसम्म रेलमार्ग विस्तार गर्ने पहल गरिनेछ । (हेर्नोस् नकसा)

५.३. ग्रामीण पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ । खासगरी सुदूर पश्चिमका पिछडिएका पहाडी जिल्ला, कर्णाली प्रदेश र मध्य तथा पूर्व पहाडी जिल्लाहरुमा सडक संजाल विस्तार गर्न प्राथमिकता दिइनेछ । पहाडी क्षेत्रमा सडक निर्माण गर्दा हरित सडक निर्माणमा जोड दिइनेछ । यातायातलाई उत्पादनसंग जोडेपछि मात्र त्यसले वास्तविक जनतालाई विकासको फल पुऱ्याउँछ भन्ने कुरामा ध्यान दिइनेछ । **५ वर्षभित्र सवैलाई शुद्ध पिउने पानी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।**

५.४. जातीय तथा क्षेत्रीय स्वायत्त गणराज्यहरु प्रत्येकमा एक एक वटा नमूना शहरको विकास गरिनेछ र ७५ वटै जिल्लाहरुमा एकीकृत नमूना विकासका कार्यक्रम संचालन गरेर देशैभर त्यस्तो मोडेल विस्तार गरिनेछ । छरिएका गाउँहरुलाई आधुनिक सुविधा सहित एकीकृत गरेर सघन वस्ती विकास गरिनेछ । सुकुम्वासीहरुलाई स्थायी आवासको व्यवस्था गरिनेछ ।

५.५. काठमाण्डौ उपत्यकाको एकीकृत विकास योजना वनाएर वर्तमान अनियन्त्रित विस्तारलाई व्यवस्थित गरिनेछ । काठमाण्डौ उपत्यका वाहिर स्याटेलाइट शहरहरुको विकास गरेर र काठमाण्डौं-हेटौंडा फाष्ट ट्रयाक (सुरुङ मार्ग) निर्माण गरेर काठमाण्डौको आप्रवासनको चापलाई नियन्त्रित गरिनेछ । मेलम्ची आयोजना आगामी ५ वर्षभित्र पूरा गरेर काठमाण्डौको खानेपानी समस्या दीर्घकालीन रुपले हल गरिनेछ भने वैकल्पिक श्रोतहरु र विद्यमान श्रोतहरु समेतको समुचित व्यवस्थापन तथा परिचालन गरी आगामी एक वर्ष भित्र खानेपानीको आपूर्तिलाई सहज तुल्याइनेछ ।

५.६. दुर्गम जिल्लाहरु जोड्ने हवाइ मार्ग र रोप-वे (रज्जु मार्ग) लाई विशेष प्राथमिकता दिइनेछ । पहाडी जिल्लाहरुमा हवाइ यातायात सुगम र सरल वनाइनेछ ।

## ६.०. वित्त, वाणिज्य र आपूर्ति

६.१. साना किसान र घरेलु तथा साना उद्योगहरुलाई आवश्यक कर्जा सहज ढंगले उपलव्ध गराउन लघु वित्त योजनाहरु र विशेष वैंकिक व्यवस्था गरिनेछ । छानवीनको आधारमा खराव ऋणीवाट कडाइका साथ ऋण असुली गर्न र नियत राम्रो भएका ऋणीहरुलाई पुनर्स्थापना गर्न एक उच्च स्तरीय छानवीन आयोग गठन गरिनेछ । जनयुद्धको क्रममा पीडित साना किसान तथा उद्यमीहरुको ऋण र आम पीडित जनसमुदायको विजुली महसूल मिनाहा गरिनेछ ।

६.२. पेट्रोलियम पदार्थ र अन्य दैनिक उपभोगका वस्तुको सुपथ र सहज वितरणको आवश्यक व्यवस्था मिलाइनेछ ।

६.३. मजदूर, सुकुम्वासी र गरीवीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तुहरु सुपथ मूल्यमा वितरण गर्ने **सार्वजनिक वितरण प्रणाली**को व्यवस्था गरिनेछ । साथै सहकारी पसलहरु खोल्न विशेष प्रोत्साहन गरिनेछ ।

६.४. भ्रष्टाचार, मूल्यवृद्धि, तस्करी, कालोवजारी रोक्न जनसमुदायलाई समेत परिचालन गरेर प्रभावकारी कदम चालिनेछ ।

६.५. हिमाली भेगका जनताको अत्यावश्यक वस्तुहरुको आपूर्तिमा रहेको असुविधालाई ध्यान दिंदै तिब्बत (चीन) संगका नाकाहरु खोल्न विशेष पहल गरिनेछ ।

## ७.०. श्रम तथा रोजगारी

७.१. ठाउँठाउँमा श्रम विनियम केन्द्र स्थापना गरिनेछ र शैक्षिक तथा गैर-शैक्षिक वेरोजगारहरुको लगत तयार गरिनेछ । उत्पादनमूलक रोजगारी नपाएसम्म वेरोजगारहरुलाई जिउन लायक वेरोजगारी भत्ता दिइनेछ । स्वरोजगार व्यवसाय संचालन गर्न चाहनेहरुलाई विना धितो कर्जा उपलव्ध गराइनेछ ।

७.२. देशको अत्यधिक अतिरिक्त श्रम शक्तिलाई ध्यान दिँदै राज्यको तर्फवाट अल्पकालीन र दीर्घकालीन श्रमप्रधान विकास निर्माण योजनाहरु कार्यान्वयन गरिनेछ । अवस्था हेरी 'कामका लागि खाद्यान्न' वा 'कामका लागि श्रम-बन्ड' वा 'श्रम-शेयर' जस्ता कार्यक्रम संचालन गरिनेछ, जसमा श्रमको आंशिक ज्याला सरकारी बन्ड वा शेयरमा दिइनेछ ।

७.३. वैदेशिक रोजगारीवाट आएको विप्रेषणको रकम संकलन गरी देशभित्रै रोजगारी सिर्जना गर्ने कार्यक्रम संचालन गरिनेछ ।

७.४. श्रमिकहरुको न्यायोचित हक हित र सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक संगठनहरुवाट प्राप्त सुझावका आधारमा श्रमनीति अख्तियार गरिने छ ।

# (घ). नयाँ नेपालको सामाजिक-सांस्कृतिक आधार

'नयाँ नेपाल, सुशिक्षित, सुसंस्कृत र स्वस्थ नेपाल' को नारालाई मूर्त रुप दिन सामाजिक-सांस्कृतिक रुपान्तरणको वृहद् गुरुयोजना वनाएर युद्धस्तरमा कार्यान्वयन गरिनेछ ।

## १.०. शिक्षा, संस्कृति तथा खेलकुद

१.१. संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यसूची अनुकुल सामाजिक रुपान्तरणका लागि योग्य नागरिकहरु तयार गर्ने हिसावले नयाँ शिक्षा नीति निर्माण गरिनेछ । हाल शिक्षामा व्याप्त व्यापारीकरणको अन्त्य गरिनेछ र सबैलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । शिक्षामा सवैको मौलिक अधिकार स्थापित गरिनेछ । उच्च शिक्षा हासिल गर्न चाहनेहरुलाई विना धितो सरल ऋण उपलव्ध गराइनेछ ।

१.२. राज्यको तर्फवाट व्यापक साक्षरता अभियान संचालन गरिनेछ र **पाँच वर्ष भित्र निरक्षरता पूर्ण रुपले उन्मूलन गरिनेछ ।**

१.३. शिक्षालाई जीवन र उत्पादनसंग जोडिनेछ । प्राविधिक र पोलिटेक्निक शिक्षालाई विशेष जोड दिइनेछ । औपचारिक शिक्षाबाट वञ्चित ठूलो जनसंख्या र विशेषतः दश वर्षे जनयुद्धको दौरानमा क्रान्तिकारी आन्दोलनमा संलग्न युवायुवतीहरुलाई शिक्षामा पहुँच पुर्‍याउन खुला विद्यालय तथा विश्वविद्यालयहरुको स्थापना गरिनेछ । तिनमा व्यवहारिक ज्ञानवाट हासिल शिक्षालाई समेत 'आजीवन शिक्षा' को रुपमा मान्यता दिने विशेष व्यवस्था गरिनेछ ।

१.४. प्रत्येक स्वायत्त राज्यमा कमसेकम एक विश्वविद्यालय स्थापना गरिनेछ । कृषि तथा वन, इञ्जिनियरिङ, मेडिसिन, सूचनाप्रविधि, व्यवस्थापन आदि क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विशिष्ठ शिक्षण तथा अनुसन्धान केन्द्रहरु स्थापना गरेर विदेशी विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई समेत आकर्षित गर्ने नीति लिइनेछ ।

१.५. साहित्य, कला, संस्कृतिको संवर्द्धन र विकासको लागि राज्यले विशेष योजना र कार्यक्रमको तर्जुमा गर्नेछ । साहित्य, कला, संगित र चलचित्रको समुचित विकासका लागि प्रतिष्ठानहरुको पुनर्गठन एवं स्थापना गरिनेछ । सामाजिक-सांस्कृतिक विकृति र विसंगतिका विरुद्ध विशेष अभियान संचालन गरी राष्ट्रिय, लोकतान्त्रिक, वैज्ञानिक संस्कृतिको विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । जनयुद्ध र जनआन्दोलनका स्रष्टा शहीदहरुको विशेष सम्मानकालागि पहल गरिनेछ ।

१.६. सवै प्रकारका खेलकुदको विकासको लागि एकीकृत योजना वनाएर लागू गरिनेछ । स्कूल र गाउँ/टोल तहदेखि नै खेलकूदको विकासमा विशेष जोड दिइनेछ । अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुलाई राज्यले विशेष संरक्षण र सम्मानको व्यवस्था गर्नेछ ।

## २.०. स्वास्थ्य सेवा

२.१. स्वास्थ्यलाई सवैको मौलिक अधिकारका रुपमा स्थापित गरिनेछ र 'सवैका लागि स्वास्थ्य' को अवधारणा कार्यान्वयन गरिनेछ । **सवैलाई आधारभूत स्वास्थ्यसेवा निःशुल्क उपलव्ध गराइनेछ ।**

२.२. स्वास्थ्यकर्मी उत्पादन गर्दा एलोपेथिक, आयुर्वेदिक, हामोपेथिक, युनानी, एक्युपंचर, एक्युप्रेसर, प्राकृतिक चिकित्सा तथा योग सम्वन्धी छुट्टाछुट्टै र एकीकृत कलेजहरु स्थापना गरिनेछ।

२.३. प्रत्येक गाउँ विकास समितिमा कम्तिमा पनि एउटा एलोपेथिक स्वास्थ्य चौकी, आयुर्वेदिक चिकित्सा केन्द्र र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने विशेष कार्यक्रम संचालन गरिनेछ।

२.४. मुलुकको विभिन्न पर्यटकीय क्षेत्रमा सुविधायुक्त अस्पताल स्थापना गर्न निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गरी विदेशीहरुलाई औषधोपचार पर्यटनकोलागि आमन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ।

२.५. जडिवुटी प्रशोधन नगरी निकासी गर्ने कार्यलाई वन्द गरिनेछ र संकलित जडिवुटी प्रशोधन गर्ने संस्थागत व्यवस्था गरिनेछ।

## ३.०. महिला तथा वालवालिका

३.१. **महिलालाई पैतृक सम्पत्ति लगायत समाज, अर्थतन्त्र र राज्यका हरेक क्षेत्रमा विशेष अधिकार सहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ।** व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यसत्ताको मेरुदण्ड मानिने सेना, प्रहरी लगायतको सुरक्षा निकायमा समानुपातिक सहभागिता कायम गर्दै जाने नीति अवलम्वन गरिनेछ।

३.२. जग्गाधनी लालपुर्जा र नागरिकतामा महिला पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिनेछ। महिलाहरुलाई पेशामा निर्वाध ढंगले लाग्ने वातावरण निर्माण गर्न शिशु स्याहार केन्द्रहरुको व्यवस्था गरिनेछ।

३.३. महिला, पारिवारिक तथा वाल अदालत गठन गरिनेछ।

## ४.०. दलित

४.१. दलितहरु माथि हुने छुवाछुत लगायतका सवै भेदभावहरुको पूर्ण अन्त्य गरिने छ। **पूरै देशलाई छुवाछुत मुक्त इलाका घोषणा गरिनेछ** र छुवाछुत गर्नेहरु माथि मानवता विरुद्ध अपराधको कडा कानूनी कार्वाही गरिनेछ।

४.२. राज्यद्वारा आर्थिक, राजनैतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, प्रशासनिक, सैनिक लगायत जीवनका सवै क्षेत्रवाट दलित समुदायलाई सुनिश्चित ढंगवाट पछाडि पारिएको हुँदा अरु समुदाय सरह सवै क्षेत्रमा समान नहोउञ्जेलसम्म राज्यले विशेषाधिकारको व्यवस्था गर्नेछ। यो विशेषाधिकारको नीति र विधिलाई व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वयन गर्नका लागि विशेष नियमद्वारा व्यवस्थित गरिनेछ।

४.३. वादी सुमदायका वाध्यात्मक यौन पेशामा संलग्न महिलाहरुलाई ससम्मान पुनर्स्थापना गरिनेछ।

## ५.०. युवा

५.१. युवाहरुको समस्या समाधानका लागि व्यवस्थित योजना वनाउन एक उच्चस्तरीय **युवा आयोगको गठन गरिनेछ।**

५.२. सोह्र वर्ष पुगेका युवाहरुलाई मताधिकारको व्यवस्था गरिनेछ।

५.३. युवाहरुको वौद्धिक तथा शारिरीक विकासका लागि राज्यद्वारा विशेष व्यवस्था गरिनेछ।

## ६.०. सूचना तथा संचार

६.१. स्वतन्त्र र निष्पक्ष प्रेसको पक्षपोषण गरिनेछ। स्वतन्त्र प्रेसमाथिको सवै प्रकारको हस्तक्षेपलाई निषेध गरिनेछ। सूचनाको हक सम्वन्धी ऐनलाई दृढतापूर्वक कार्यान्वयन गरिनेछ। श्रमजीवी पत्रकार ऐनलाई तदारुकताकासाथ कार्यान्वयन गरिनेछ।

६.२. संचारमाध्यमको स्थापना र संचालनसम्वन्धी नीतिको सरलीकरण गरिनेछ । संचार माध्यमको संचालन गर्नको निम्ति लिने इजाजतपत्र र नवीकरण सम्वन्धी प्रक्रियालाई सहज वनाउनको लागि सम्वन्धित कानूनमा संशोधन गरिनेछ ।

६.३. **टेलिफोन सेवा यसै आर्थिक वर्षमा सवै गा.वि.स.हरुमा पुऱ्याइनेछ** । मोवाइल सेवालाई गुणस्तरीय वनाउँदै मुलुकभर विस्तार गरिनेछ ।

६.४. नेपाली चलचित्र उद्योगको सम्वर्धन र संरक्षणको लागि राष्ट्रिय चलचित्र नीति शिघ्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## ७.०. विज्ञान तथा प्रविधि

७.१. विज्ञान तथा प्राविधिक शिक्षालाई प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म विशेष प्राथमिकता दिइनेछ ।

७.२. मुलुकका प्रत्येक स्वायत्त राज्यमा कम्तिमा एउटा वहुमुखी प्राविधिक तालिम केन्द्र स्थापना गरी साक्षर जनसमुदायलाई व्यापक रुपमा प्रशिक्षण गर्ने व्यवस्था गरिनेछ ।

७.३. नयाँ प्रविधि विकास गर्ने प्रविधि विशेषज्ञलाई आर्थिक अनुदानका साथै प्रविधि विकासका लागि आवश्यक सहयोग प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७.४. वैज्ञानिक तथा प्राविधिक प्रतिभा पलायन (Brain Drain) रोक्न राज्यको तर्फवाट विशेष कार्यक्रम ल्याइनेछ ।

## ८.०. शहीद परिवार, वेपत्ता परिवार र युद्धका घाइते

८.१. दश वर्षे महान् जनयुद्ध र जनआन्दोलनको क्रममा शहादत प्राप्त गर्नेहरुको स्मृति र सम्मानमा राज्यको तर्फवाट विशेष योजना र कार्यक्रम ल्याइनेछ । शहीदका परिवारहरुलाई उचित राहतको व्यवस्था गरिनेछ र छोराछोरीहरुलाई विश्वविद्यालय स्तरसम्म निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

८.२. जनयुद्धको क्रममा वेपत्ता पारिएकाहरुको छानवीन गरी सत्यतथ्य पत्ता लगाउन एक उच्च स्तरीय आयोगको गठन गरिनेछ । सो प्रतिवेदनका आधारमा दोषीहरुमाथि कडा भन्दा कडा कार्वाही गरिनेछ । वेपत्ता पारिएकाहरुको परिवारलाई राज्यले उचित राहत प्रदान गर्नेछ र छोरा-छोरीलाई विश्वविद्यालय स्तरसम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्नेछ ।

८.३. जनयुद्धका घाइतेहरुको सम्पूर्ण उपचारको व्यवस्था राज्यले गर्नेछ । घाइतेहरुलाई उचित सम्मान र राहतको व्यवस्था राज्यले गर्नेछ ।

## ९.०. अपांग

९.१. अपांगहरुलाई उनीहरुको कुल जनसंख्याको अनुपातमा राज्य र समाजका सवै अंगहरुमा प्रतिनिधित्व गराइनेछ ।

९.२. सवै प्रकारका अपांगहरुको संरक्षण, सम्मान र रोजगारीका लागि राज्यले विशेष कार्यक्रमको तर्जुमा गर्नेछ ।

## १०.०. मुस्लिम

१०.१. मुस्लिम लामो समयदेखि नेपालमा वसोवास गर्दै आएको उत्पीडित अल्पसंख्यक समुदाय भएकाले उनीहरुलाई विशेषाधिकार सहित राज्य, समाज र अर्थतन्त्रका सवै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराइनेछ ।

११.१. मुस्लिम समुदायको समग्र हित र विकासको लागि एक शक्तिशाली **राष्ट्रिय मुस्लिम आयोग** गठन गरिनेछ ।

## ११.०. ज्येष्ठ नागरिक

११.०. ज्येष्ठ नागरिकहरुको समाजप्रति योगदानको कदर गर्दै राज्यले दिंदै आएको मासिक भत्तालाई सम्मानपूर्ण जीवन यापन गर्न पुग्ने गरी वृद्धि गरिनेछ। उनीहरुकाृ अनुभव, ज्ञान र शिपको सदुपयोग गर्न तथा उनीहरुका विशिष्ठ समस्याहरुको समाधान गर्न राज्यले विशेष व्यवस्था गर्नेछ।

## १२.०. तेश्रो लिंगी

१२.१. सम्पूर्ण नेपाली यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई उनीहरुको वास्तविक पहिचान सहित नागरिकताको व्यवस्था गरिनेछ। उनीहरुका विशिष्ठ समस्या समाधान गर्न राज्यले विशेष ध्यान दिनेछ।

# (ङ). विविध

## १.०. पर्यावरण

१.१. प्राकृतिक वातावरणको संरक्षण, दिगो उपभोग एवं आवश्यक पर्ने प्राकृतिक वातावरणको पुनःस्थापना सम्वन्धमा विशेष कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ।

१.२. नेपाल पक्ष भएका वातावरण सम्वन्धी महासन्धीहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ।

# IV. माओवादी र क. प्रचण्ड नै किन ?

आदरणीय दिदीवहिनी तथा दाज्यूभाइहरु,

यतिवेला तपाईंले ऐतिहासिक फैसला गर्ने वेला आएको छ । तपाईको अगाडि तीन थरि शक्ति उभिएका छन्- प्रतिगमनकारी, यथास्थितिवादी र अग्रगमनकारी । तिनको सही पहिचान गरेर एक्काइसौं शताव्दीको नेपाललाई कुन दिशामा डोऱ्याउन दिने हो तपाईंले फैसला गर्नु परेको छ ।

पहिलो, राजतन्त्रवादी प्रतिगमनकारी शक्ति । जनयुद्ध र जनआन्दोलनले त्यसलाई आर्यघाट पुऱ्याइसक्दा पनि त्यसले मर्ने वेलामा खुट्टा तानेर मर्ने दुस्साहस गरिरहेको छ । मधेसी, जनजाति लगायतका उत्पीडित जनताको जायज असन्तुष्टीको खोल ओढेर त्यसले संविधानसभा निर्वाचन भाँड्ने र आफ्नो गुमेको स्वर्ग फिर्ता गर्ने जमर्को गरिरहेछ । आगामी दिनमा पनि त्यसले थप गडवडी मच्चाउने प्रयत्न गर्नसक्छ । तर के तपाईं यो देशको इतिहासको पांग्रो अढाइ सय वर्ष पछाडि फर्काउन चाहनुहुन्छ ? उही वर्वर सामन्ती निरंकुशता फर्केको र यो देश पुनः भीषण गृहयुद्धको भुँमरीमा फसेको हेर्न रुचाउनु हुन्छ ? हामीलाई विश्वास छ- तपाईं त्यो चाहनुहुन्न मात्र होइन आवश्यक परे त्यसका विरुद्ध निर्णायक मुठभेडमा उत्रन समेत तयार हुनुहुन्छ ।

दोश्रो, संसदवादी यथास्थितिवादी शक्ति । यो शक्ति देश अहिले जहाँ छ त्यहीं राखिराख्न चाहन्छ । मुख्यतः नेपाली कांग्रेस र एमालेको रुपमा रहेको यो शक्तिले अमूर्त लोकतन्त्रको कुरा त गर्छ, तर उसंग यो देशको तीव्र आर्थिक-सामाजिक रुपान्तरण र राष्ट्रियताको रक्षाको कुनै एजेण्डा छैन । विगत ५७ वर्षमा र पछिल्लो १७ वर्षमा यसले पटक पटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ तर उसले देशमा आमूल परिवर्तनको कुनै प्रत्याभूति दिन सकेको छैन । चुनावको वेला चिल्ला कुरा गरेर जनतालाई भ्रममा पार्न सिपालु यो शक्तिले अग्रगमन र प्रतिगमन दुवैलाई 'अतिवाद' भन्दै आफुलाई समदूरीमा राखेर आफ्नो यथास्थितिवादी चरित्रको पुष्टी गरिसकेको छ । के तपाईं उनै पुराना विचार र मान्छेलाई अघि सारेर पुरानै असफलता र निराशाको इतिहास दोहोऱ्याउन चाहनु हुन्छ ? हामीलाई विश्वास छ- यसपटक तपाईंहरुले पुनर्विचार गर्नुहुनेछ ।

तेश्रो, क्रान्तिकारी अग्रगमनकारी शक्ति । ने.क.पा.(माओवादी) को नेतृत्वमा रहेको यो देशभक्त, गणतन्त्रवादी र वामपन्थी शक्तिले राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रुपान्तरणको एजेण्डा सहित देशमा समग्र अग्रगमनको पक्षपोषण गर्दछ । देश र जनताको निम्ति दशौं हजार वलिदान हुन तत्पर र नयाँ क्रान्तिकारी विचारले ओतप्रोत माओवादी शक्तिसंग मात्रै नयाँ नेपाल निर्माण गर्ने साहस र शक्ति छ भन्ने आज सारा संसारले भनिरहेको छ । नयाँ नेपालको निम्ति नयाँ विचार र नयाँ नेतृत्वको खाँचो माओवादीद्वारा मात्र पूरा हुनसक्छ भन्ने व्यापक जनमत रहेको छ । त्यसैले अध्यक्ष क. प्रचण्डको नेतृत्वमा ने.क.पा. (माआवादी) नयाँ युगको नयाँ जिम्मेवारी वहन गर्न तपाईं समक्ष प्रस्तुत भएको छ । नयाँ गणतान्त्रिक नेपालको प्रथम राष्ट्रपतिको रुपमा हामीले नयाँ विचार, साहस र सुझवुझका धनी अध्यक्ष क. प्रचण्डलाई प्रस्तावित गरेका छौं । हामीलाई विश्वास छ तपाईले त्यसको अनुमोदन गर्नुहुनेछ र भन्नुहुनेछ- सवैलाई हेऱ्यौं पटकपटक, माओवादी र प्रचण्डलाई हेरौं यस पटक !

**आखिर माओवादी र क. प्रचण्ड नै किन ? किनकि**

- जसको विचार हो उसैको नेतृत्वमा मात्र त्यो कार्यान्वयन हुनसक्छ । संविधानसभा, गणतन्त्र, राज्यको संघात्मक ढाँचामा रुपान्तरण र राष्ट्रिय औद्योगिक अर्थतन्त्रको विकास जस्ता माओवादीले उठाएका एजेण्डा माओवादीले मात्र कार्यान्वयन गर्न सक्छ ।
- जसले युद्धमा दशौं हजारको वलिदान गर्ने साहस गऱ्यो, उसले नै शान्तिको जनआकांक्षा पनि पूरा गर्ने साहस गर्न सक्छ । जनसमुदायको परिवर्तन र शान्तिको आकांक्षा पूरा गर्न माओवादी पूर्ण प्रतिवद्ध छ ।
- माओवादी देशको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्न र देशको निम्ति कुनै पनि वलिदान गर्न तत्पर छ ।
- माओवादी देशमा वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक मुक्ति संगसंगै जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्न कृतसंकल्पित छ ।
- माओवादी वृहद् आर्थिक-सामाजिक रुपान्तरण र विकास राष्ट्रिय औद्योगिक अर्थतन्त्र सहितको नयाँ नेपाल निर्माण गर्न प्रतिवद्ध छ ।
- माओवादी देशका सवै देशभक्त, गणतन्त्रवादी र वामपन्थीहरु वीच नयाँ आधारमा नयाँ राष्ट्रिय एकता कायम गर्न प्रतिवद्ध छ ।
- माओवादी जनयुद्ध र जनआन्दोलनका दशौं हजार महान् शहीदहरु, हजारौं वेपत्ताहरु र हजारौं घाइतेहरुको सपना पूरा गर्न प्रतिवद्ध छ ।
- माओवादी नेपाली जनताका आशाका केन्द्र अध्यक्ष क.प्रचण्ड मार्फत् नयाँ नेपालले खोजेको नयाँ नेतृत्व दिन तत्पर छ ।

राष्ट्रियता, गणतन्त्र र आर्थिक-सामाजिक रुपान्तरणप्रति पूर्ण प्रतिवद्ध ने.क.पा. (माओवादी) को यो प्रतिवद्धतापत्र एक्काइसौं शताव्दीमा नयाँ समुन्नत नेपाल निर्माणको प्रतिवद्धतापत्र हो । सवै खाले देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरुको षड्यन्त्रलाई चिर्दै आसन्न संविधानसभा निर्वाचनमा यो प्रतिवद्धतापत्रलाई अनुमोदन गरेर दुवै मतपत्रमा रहेका किसान र मजदूरको मुक्तिको प्रतीक **गोलाकार भित्रको हँसिया-हतौडा चिन्हमा** मतदान गर्न र नयाँ नेपाल निर्माणको ढोका खोल्न हामी सम्पूर्ण नेपाली दिदीवहिनी, दाज्यूभाइ र बुवाआमाहरुमा हार्दिक अनुरोध गर्दछौं । कथंकदाचित प्रतिगामी तत्वहरुले यो संविधानसभा निर्वाचन हुन नदिने षड्यन्त्र गरे भने पनि सशक्त जनआन्दोलनको सृष्टि गरेर यो प्रतिवद्धतापत्रको आधारमा नयाँ नेपाल निर्माणको अभियानमा अघि वढ्न हामी थप आग्रह पनि गर्दछौं ।

जनताको जित सुनिश्चित छ । स्वाभिमानी देशको जित सुनिश्चित छ ।
जनताको जित माओवादीको जित !
माओवादीको जित देश र जनताको जित !

**धन्यवाद !**

## • केही नाराहरु

- जनयुद्ध र जनआन्दोलनको एउटै मन्त्र
  स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्र

- ने.क.पा. (माओवादी) को परिकल्पना
  समुन्नत नयाँ गणतान्त्रिक नेपालको स्थापना

- नेपाली जनता एक भए जनमुखी गणतन्त्रको नाराले
  माओवादी रोज्दैछन् शोषित-उत्पीडित साराले

- राष्ट्रियता र गणतन्त्र, ने.क.पा.(माओवादी) को मूल मन्त्र

- शिक्षा, स्वास्थ्य र रोजगार, सवै नेपालीको मौलिक अधिकार

- सवैलाई हेऱ्यौं पटकपटक, माओवादीलाई हेरौं यस पटक

- नयाँ नेपाल निर्माणको पहिलो आधार
  माओवादीको नेतृत्वमा देशभक्त र गणतन्त्रवादीको सरकार

- नयाँ नेपालको नयाँ नेतृत्व, गणतान्त्रिक नेपालका प्रथम राष्ट्रपति क. प्रचण्ड

चुनाव चिन्ह

२०६४ फागुन

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**
**केन्द्रीय समिति**